मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक १३६ • २०८२ साल चैत्र २१ गते शनिबार • Saturday 04, April 2026 • सूर्योदय: बिहान ०५:५३ बजे • सूर्यास्त: साँझ ०६:२३ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## लागूपदार्थ सेवन गर्ने तीन पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजमा लागूपदार्थ सेवन (लापसे) गरी सवारी चलाउने तीन जना चालक ट्राफिक प्रहरीले नियन्त्रणमा लिएका छन्। शुक्रबार बिहान वीरगंज महानगरपालिका वडा नं. १४ गण्डक चोकमा ट्राफिक प्रहरीले लापसे चेकजाँच अभियान चलाउँदा ३४ जना सवारी चालकको परीक्षण गर्दा तीन जनामा लागूपदार्थ सेवन भएको पत्ता लागेको जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख युवराज कटुवालले जानकारी दिए। ती चालकविरुद्ध आवश्यक कानूनी कारबाहीका लागि प्रक्रिया अघि बढाइएको ट्राफिक प्रहरीले जनाएको छ । सवारी दुर्घटना न्यूनीकरण तथा चालकमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले वीरगंजसहित पर्सा जिल्लाका विभिन्न स्थानमा लापसे चेकजाँच अभियान निरन्तर सञ्चालन गरिने ट्राफिक प्रहरीले बताएको छ।

# आर्थिक रुपान्तरण सरकारको प्रमुख एजेन्डा: अर्थमन्त्री



**मधेशदृष्टि**
**वीरगंज।**
संघीय सरकारका अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नयाँ सरकारले देशको आर्थिक रूपान्तरणलाई मुख्य एजेन्डा बनाएर काम सुरु गरिसकेको बताएका छन् । वीरगंजमा शुक्रबार आयोजित आगामी आर्थिक वर्ष २०८३–८४ को पूर्व बजेटसम्बन्धी अन्तरक्रिया कार्यक्रममा पर्सा र बाराका उद्योगी–व्यवसायीका गुनासा तथा सुझाव सुनेपछि अर्थमन्त्री वाग्लेले आर्थिक सुधार र रूपान्तरणका लागि नै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले अभूतपूर्व जनादेश प्राप्त गरेको उल्लेख गरे।
उनले मुलुकको अर्थतन्त्र सबल बनाउन सरकार गठन भएलगत्तै राजस्व विभागलगायत केही निकाय खारेज गरेर सुधारको प्रक्रिया सुरु गरिएको बताए। पूर्व अर्थमन्त्री रामेश्वर खनालको नेतृत्वमा तयार गरिएको उच्चस्तरीय आर्थिक सुधार समितिको प्रतिवेदन कार्यान्वयन गर्न सरकारले प्रक्रिया अघि बढाइसकेको उनको भनाइ थियो। प्रतिवेदन लागू भएपछि अर्थतन्त्रमा रहेका धेरै बेथिति अन्त्य हुने उनले विश्वास व्यक्त गरे।
उनले वर्तमान सरकारले प्राप्त गरेको जनादेश सुधार र सुशासनका लागि भएकाले त्यसअनुसार काम गर्नुपर्ने बाध्यता रहेको बताए। अर्थमन्त्री वाग्लेले आगामी बजेट आर्थिक रूपान्तरण र निजी क्षेत्रमैत्री बनाइने जानकारी दिए । करको बोझ घटाउने, प्रक्रियागत झन्झट कम गर्ने तथा आवश्यक परे कानून संशोधन वा खारेज गर्ने तयारी सरकारको रहेको उनले बताए।
प्रधानमन्त्री बालेन्द्र शाहले जनतालाई प्रत्यक्ष राहत पुग्ने कार्यक्रम अघि बढाउन निर्देशन दिइसकेको उल्लेख गर्दै अर्थमन्त्री वाग्लेले सरकारको पहिलो प्राथमिकता सुशासन, दोस्रो मध्यम वर्गको जीवनस्तर सुधार र तेस्रो रोजगारी सिर्जना रहेको बताए।
कार्यक्रममा वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले पर्सा र बाराका उद्योगी–व्यवसायीले लामो समयदेखि भोग्दै आएका नीतिगत तथा व्यवहारिक समस्याबारे अर्थमन्त्रीको ध्यानाकर्षण गराए । उनले उच्चस्तरीय आर्थिक सुधार आयोगको प्रतिवेदन कार्यान्वयन गर्न माग गर्दै त्यसो हुन नसके उद्योगी–व्यवसायी देश छोड्ने अवस्था आउन सक्ने चेतावनी दिए।
साथै बारा–पर्सा औद्योगिक कोरिडोर क्षेत्रमा औद्योगिक क्षेत्र स्थापना गर्न नयाँ बजेटमार्फत व्यवस्था गर्न आग्रह गरे।
संघ, प्रदेश र स्थानीय तहले एउटै वस्तुमा दोहोरो तथा तेहेरो कर असुल्ने प्रथा हटाउनुपर्ने, सीमा क्षेत्रमा हुने अवैध कारोबार नियन्त्रण गर्न नीतिगत निर्णय आवश्यक रहेको र भन्सार जाँचपास प्रक्रियालाई सहज बनाउनुपर्ने विषयमा पनि उनले जोड दिए।
वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष गौतमको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अर्थ मन्त्रालयका राजस्व सचिव भुपाल बराल, पर्सा क्षेत्र नम्बर १ का सांसद हरि पन्त, वीरगंज भन्सार कार्यालयका प्रमुख तथा पर्सा र बाराका उद्योगी–व्यवसायीहरूको सहभागिता थियो।
यस्तै, संघीय सरकारका अर्थमन्त्री डा. वाग्लेले वीरगंजमा राजस्व तथा व्यापारिक गतिविधिसम्बन्धी अनुगमन गरेका छन् । सिमरा विमानस्थलमा पर्सा जिल्लाका सांसद तथा सरोकारवालाले उनलाई स्वागत गरेका थिए । वीरगंज पुगेपछि अर्थमन्त्री वाग्लेले वीरगंज भन्सार कार्यालय मातहत रहेको एकीकृत जाँच चौकी (आइसीपी) तथा सिर्सिया सुक्खा बन्दरगाह पुगेर स्थलगत निरीक्षण गरेका थिए। अनुगमनक्रममा उनले यस क्षेत्रको व्यापारिक अवस्था, राजस्व सङ्कलनको वर्तमान स्थिति तथा सेवा प्रवाहमा देखिएका समस्याबारे जानकारी लिए।

# मधेशकेन्द्रित दलहरुमा पुस्तान्तरणको बहस, के सम्भव होला ?



**मधेशदृष्टि**
**जनकपुरधाम।**
फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा नमिठो पराजय बेहोरेपछि मधेशकेन्द्रित दलहरू यतिबेला आत्मसमीक्षासँगै पार्टी एकता र नेतृत्व पुस्तान्तरणको तयारीमा जुटेका छन्।
नेता हृदयेश त्रिपाठीका अनुसार मधेशवादी दलहरूबीच एकीकरणको विषयमा गम्भीर छलफल सुरु भएको छ। २०४८ सालपछि पहिलोपटक प्रतिनिधिसभामा प्रतिनिधित्वविहीन बन्नु परेको अवस्थाले दलहरूलाई नयाँ ढंगले अघि बढ्न बाध्य बनाएको उनको भनाइ छ।
पूर्वमन्त्रीसमेत रहेका त्रिपाठी भन्छन्, 'पार्टीलाई नयाँ स्वरूपमा अघि बढाउने विषयमा छलफल भइरहेको छ । पुराना नेताहरू संरक्षक वा सल्लाहकारको भूमिकामा बसेर नयाँ पुस्तालाई नेतृत्व दिने तयारी छ।'
यद्यपि, युवा पुस्तालाई नेतृत्व दिने विषयमा सहमति बने पनि नेतृत्व कसले सम्हाल्ने भन्ने टुंगो भने लाग्न बाँकी रहेको उनले बताए।
राष्ट्रिय मुक्ति पार्टी (रामुपा) नेपालका अध्यक्ष राजेन्द्र महतोले पनि विगतका कमजोरी स्वीकार गर्दै अब गम्भीर समीक्षा पश्चात् एकताको निर्णय लिइने बताए । उनले भने, 'एकता नै बल हो भन्ने थाहा हुँदाहुँदै पनि चुनावअघि हामी एक हुन सकेनौँ। अब समीक्षा गरेर अघि बढ्छौँ।'
गत निर्वाचनमा मधेश प्रदेशका ३२ मध्ये ३० क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) विजयी भयो । करिब १३ लाख मतसहित रास्वपा पहिलो शक्ति बनेको अवस्थामा जसपा नेपाल १ लाख ३८ हजार मतसहित चौथो र जनमत पार्टी ५० हजार मतसहित पाँचौँ स्थानमा झरेको छ।
मधेशवादी दलहरूले देशभर प्राप्त गरेको मत जोड्दा करिब साढे तीन लाख पुग्छ, जुन कुल मतको तीन प्रतिशतभन्दा बढी हो । यसले दलहरूबीच एकता भएको भए प्रतिनिधिसभामा उपस्थिति सम्भव थियो भन्ने संकेत गर्छ।
मधेशवादी दलहरू संकटका बेला एकजुट हुने इतिहास भने छ । २०७७ वैशाख ८ गते सरकारले राजनीतिक दलसम्बन्धी ऐन संशोधनका लागि अध्यादेश ल्याएपछि समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टीबीच एकीकरण भएको थियो।
त्यसबेला सहमति पत्रमा महन्थ ठाकुर, राजेन्द्र महतो, महिन्द्रराय यादव, शरतसिंह भण्डारी, बाबुराम भट्टराई, उपेन्द्र यादव, अशोक राई लगायतका नेताहरूले हस्ताक्षर गरेका थिए। यसअघि २०७४ वैशाखमा पाँच दल मिलेर राष्ट्रिय जनता पार्टी (राजपा) गठन गरेका थिए । एकताले स्थानीय तह र संघीय निर्वाचनमा उल्लेखनीय सफलता दिलाएको थियो।
जसपा नेपालका नेता मनीषकुमार सुमनका अनुसार पार्टी एकताका लागि तल्लो तहबाटै दबाब बढ्दै गएको छ। उनले भने, 'हाम्रो मात्र होइन, अन्य दलका कार्यकर्ताहरूमा पनि एकताप्रति सकारात्मक भावना देखिएको छ । निर्वाचन समीक्षा गरेर थप दलसँग सहकार्य र एकताको पहल गर्छौं ।'
नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष मोहम्मद रिजवान अन्सारीले पनि विभिन्न दलसँग एकता वा मोर्चाबन्दीका लागि छलफल भइरहेको बताए। हालको परिस्थितिले मधेशवादी राजनीति निर्णायक मोडमा पुगेको संकेत गर्छ । विगतको विभाजन, अहंकार र रणनीतिक कमजोरीबाट पाठ सिक्दै अब एकता र नयाँ नेतृत्वमार्फत पुनर्गठन हुने सम्भावना देखिएको छ।
यदि दलहरू साँच्चिकै एकताबद्ध हुन सके भने, मधेशको मुद्दा पुनः राष्ट्रिय राजनीतिमा प्रभावकारी रूपमा स्थापित हुन सक्ने विश्लेषकहरू बताउँछन्।

## अग्रज पत्रकार अधिकारीलाई रेडियो नेपालको दीर्घ सेवा पदक



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजका अग्रज पत्रकार ध्रुब अधिकारीलाई रेडियो नेपाल को ७६औँ वार्षिकोत्सवका अवसरमा दीर्घ सेवा पदकबाट सम्मानित गरिएको छ।
शुक्रबार काठमाडौँमा आयोजित विशेष समारोहमा सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनाले अधिकारीलाई पदक प्रदान गरेका हुन्। करिब तीन दशकदेखि पत्रकारितामा सक्रिय रहेका अधिकारीले विक्रम संवत् २०५४ सालदेखि रेडियो नेपालमा संवाददाताका रूपमा आफ्नो यात्रा सुरु गरेका थिए। निरन्तर समर्पण र सक्रियताका कारण उनले रेडियो नेपालको मधेश प्रदेश ब्यूरो प्रमुखको जिम्मेवारी सम्हाल्दै आएका थिए।
दीर्घकालीन पत्रकारिता योगदानको कदरस्वरूप प्रदान गरिएको सम्मानले मधेश क्षेत्रका सञ्चारकर्मीहरूलाई थप प्रेरणा मिल्ने अपेक्षा गरिएको छ।




## जानकी नवमीलाई राष्ट्रिय पर्व घोषणा गरी सार्वजनिक बिदा दिन माग



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धार्मिक तथा सांस्कृतिक महत्व बोकेको जानकी नवमीलाई राष्ट्रिय पर्वको मान्यता दिँदै सार्वजनिक बिदा घोषणा गर्न रामानन्दीय वैष्णव संघले सरकारसँग औपचारिक माग गरेको छ।
संघका अध्यक्ष रामरोशन दासले जानकी नवमी केवल धार्मिक आस्थासँग मात्र सम्बन्धित नभई नेपालको पहिचान, संस्कृति र पर्यटनसँग प्रत्यक्ष जोडिएको विषय भएकाले यसको महत्व राज्यले गम्भीरतापूर्वक बुझ्नुपर्ने बताए।
उनले जनकपुरधाम लाई माता जानकीको जन्मभूमिका रूपमा विश्वभरका हिन्दू श्रद्धालुहरूको प्रमुख आस्थाको केन्द्र रहेको उल्लेख गर्दै यस्तो ऐतिहासिक तथा धार्मिक धरोहरलाई राष्ट्रिय स्तरमा उचित सम्मान दिन आवश्यक रहेको धारणा व्यक्त गरे।
'जनकपुरधाम केवल एउटा शहर होइन, यो हाम्रो सभ्यता र सांस्कृतिक पहिचानको प्रतीक हो। यहाँ मनाइने जानकी नवमीले नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउने महत्वपूर्ण अवसर प्रदान गर्छ,' उनले भने।
उनका अनुसार यस पर्वको दिन देशभर सार्वजनिक विदा घोषणा गरिएमा धार्मिक पर्यटन प्रवद्र्धन हुने, स्थानीय अर्थतन्त्र मजबुत बन्ने र सांस्कृतिक सम्पदाको संरक्षणमा समेत योगदान पुग्नेछ।
अध्यक्ष दासले राज्यले दशैँ, तिहार तथा बुद्ध जयन्ती जस्ता पर्वहरूमा सार्वजनिक विदा दिने परम्परा रहेको उल्लेख गर्दै जानकी नवमी जस्तो ऐतिहासिक पर्वलाई बेवास्ता गर्नु उचित नहुने बताए।
'माता जानकी केवल धार्मिक पात्र होइनन्, उनी नेपाली पहिचानको अभिन्न अंश हुन् । उनको जन्मोत्सवलाई औपचारिक मान्यता दिनु भनेको हाम्रो गौरवशाली इतिहासको सम्मान गर्नु हो,' उनले थपे।
संघले यस विषयमा प्रधानमन्त्री तथा सम्बन्धित मन्त्रालयहरूको ध्यानाकर्षण गराउँदै यथाशीघ्र निर्णय लिन आग्रह गरेको छ । साथै, देशभरका धार्मिक संघसंस्था, बुद्धिजीवी र सर्वसाधारणलाई पनि यस अभियानमा साथ दिन अपिल गरिएको छ।
हरेक वर्ष जनकपुरधाममा भव्य रूपमा मनाइने जानकी नवमीमा हजारौं श्रद्धालुहरूको उपस्थिति रहने गर्छ । विशेष पूजा, झाँकी, सांस्कृतिक प्रस्तुति तथा धार्मिक अनुष्ठानले यस पर्वलाई अझ आकर्षक बनाउने गरेको छ, जसले नेपालको धार्मिक पर्यटन प्रवद्र्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

## एमालेले गर्यो समीक्षा सच्यायो संसदमा भनेको भनाइ



**काठमाडौँ ।**
नेकपा एमालेले फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनको समीक्षा गरेको छ । ललितपुरको च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा शुक्रबार भएको सातौँ केन्द्रीय सचिवालय बैठकले निर्वाचनको संक्षिप्त समीक्षा गर्दै निर्वाचनमार्फत अभिव्यक्त भएको जनमतलाई सम्मान गर्ने निर्णय गरेको बैठकपछि उपमहासचिव लेखराज भट्टले जानकारी दिए ।
बैठकले प्रधानमन्त्री वालेन्द्र शाहलाई बधाई दिनुको साथै उहाँको नेतृत्वको मन्त्रिपरिषद्लाई बधाई ज्ञापन गरेको समेत गरेको उनले बताए । पार्टी कार्यबाहक अध्यक्ष रामबहादुर थापाको अध्यक्षतामा भएको बैठकले संसदीय दलको नेताको निर्वाचन दलको विधानबमोजिम लोकतान्त्रिक विधिका साथ सम्पन्न भएको जनाएको छ ।
यस्तै बैठकमा संसदीय दलका नेताले थापाले गरेको सम्बोधनका सम्बन्धमा गम्भीरतापूर्वक छलफलसमेत गरेको उपमहासचिव भट्टले जानकारी दिए । उनले मुलुकको संविधान र प्रचलित कानूनबमोजिम निर्माण भएका नेपाली सेनालगायत राज्यका सबै सुरक्षा निकाय, निजामती प्रशासन र अन्तर्राष्ट्रिय समुदायप्रति हाम्रो पार्टीको सम्बन्ध पूर्ववत् एवम् मित्रवत् रहेको उल्लेख गर्दै यस्तो सम्बन्ध भविष्यमा अझ सुदृढ बनाइने स्पष्ट पारे । यस्तै, बैठकले सरकारले विद्यार्थी सङ्गठनहरू खारेज गर्ने र उनीहरूमाथि प्रतिबन्ध लगाउने निर्णय फिर्ता लिन माग गरेको उपमहासचिव भट्टले बताए ।
सरकारी विज्ञापन सरकारी सञ्चार माध्यमहरूलाई मात्र दिने सरकारको निर्णय स्वतन्त्र प्रेसको भूमिकालाई कमजोर पार्ने र प्रेस स्वतन्त्रतालाई कुण्ठित गर्ने भएकाले यो निर्णय पनि फिर्ता लिन सरकारसँग माग गरेको छ ।
बैठकले पश्चिम एशियामा जारी हिंसाका कारण लाखौँ नेपालीहरू असुरक्षित बनेका भन्दै उनीहरूको सुरक्षाको सुनिश्चितता गर्न र स्वदेश फर्किन चाहनेहरूलाई सुरक्षित तबरले फर्कने व्यवस्था मिलाउन सरकारसँग माग गरेको छ ।

# कञ्चनपुर–कमला सडक खण्डमा ढिलासुस्ती र धुलो आतंक



**मधेशदृष्टि**
**जनकपुरधाम।**
पूर्वपश्चिम राजमार्गअन्तर्गत पर्ने कञ्चनपुर–कमला सडक खण्डमा जारी विस्तार कार्यको ढिलाइ र धुलो नियन्त्रणमा लापरवाहीका कारण स्थानीय बासिन्दाको दैनिकी अत्यन्त कष्टकर बनेको छ। वर्षौंदेखि समस्या झेल्दै आएका स्थानीय अन्ततः सडकमा उत्रेर विरोध गर्न बाध्य भएका छन्।

बिहानैदेखि सवारी साधनको चाप बढेसँगै सडक क्षेत्रमा बाक्लो धुलो फैलिने गर्छ । सडकछेउका घर, पसल तथा सार्वजनिक स्थल केही समयमै धुलोले ढाकिने अवस्था रहेको छ । यस्तो वातावरणबीच दैनिक जीवनयापन गर्नुपर्दा स्थानीयको स्वास्थ्य र जीविकोपार्जन दुवै प्रभावित भएका छन्।

वि.सं. २०७७ मा सुरु गरिएको सडक विस्तार योजनाले सुरुमा स्थानीयमा ठूलो आशा जगाएको थियो । चाइना रेलवे नं. २ इन्जिनियरिङ ग्रुपले निर्माण जिम्मा लिएको आयोजनाले समयमै पूर्णता पाउने अपेक्षा गरिएको भए पनि ६ वर्ष बितिसक्दा पनि कामले गति लिन सकेको छैन।

धुलो नियन्त्रणका लागि बेलाबेला पानी छर्किने गरिए पनि त्यो पर्याप्त नभएको स्थानीयको गुनासो छ । 'कहिलेकाहीँ मात्र पानी हालिन्छ, त्यो पनि नियमित हुँदैन । रातभर धुलोमै बस्नुपर्छ,' एक स्थानीयले आक्रोश व्यक्त गरे।

धुलो र धुवाँका कारण यहाँका बासिन्दामा श्वासप्रश्वाससम्बन्धी समस्या बढ्दो छ। बालबालिका र ज्येष्ठ नागरिक विशेष रूपमा प्रभावित भएका छन्, जसका कारण दैनिक कामकाजसमेत प्रभावित भइरहेको छ।

सडकको दयनीय अवस्थाले स्थानीय व्यापार–व्यवसायमा समेत प्रत्यक्ष असर पारेको छ । लहान र मिर्चैया जस्ता व्यस्त बजार क्षेत्रहरू अहिले सुनसान बन्दै गएका छन्। ग्राहकको आवागमन घट्दा व्यापारीहरू आर्थिक संकटमा परेका छन्।

सम्झौता अनुसार तीन वर्षभित्र सम्पन्न हुनुपर्ने ८६.८२ किलोमिटर सडक खण्डमा हालसम्म करिब ६९ प्रतिशत मात्र काम सकिएको जनाइएको छ। पटक–पटक म्याद थपिए पनि निर्माण कार्यले अपेक्षित गति लिन सकेको छैन।

समस्या समाधानका लागि पटक–पटक सम्बन्धित निकायलाई ध्यानाकर्षण गराए पनि सुनुवाइ नभएपछि स्थानीयले शुक्रबार बिहानदेखि सडक अवरुद्ध गर्दै आन्दोलन गरेका थिए । करिब पाँच घण्टासम्म राजमार्ग अवरुद्ध हुँदा सयौँ सवारी साधन रोकिए भने हजारौँ यात्रु अलपत्र परे।

स्थानीयले अब तत्काल समाधान नभएसम्म आन्दोलन जारी राख्ने चेतावनी दिएका छन् । यता, सम्बन्धित निकायले कोभिड–१९ महामारी, रुख कटान प्रक्रिया र विद्युत् पोल सार्ने कार्यजस्ता कारण देखाउँदै ढिलाइ भएको बताउँदै आएका छन्। तर, स्थानीयले यी कारणलाई बहानामात्र भएको आरोप लगाएका छन्।

धुलो, अव्यवस्थित सडक र अनिश्चित निर्माण कार्यले यहाँका बासिन्दाको जीवन दिनप्रतिदिन कठिन बन्दै गएको छ । लामो समयदेखि समाधानको प्रतीक्षामा रहेका स्थानीय अब ठोस र दीर्घकालीन उपायको माग गर्दै संघर्षमा उत्रिएका छन्।

# २४ घण्टाभित्र अतिक्रमित क्षेत्रका सामग्री हटाउन निर्देशन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिकाले नगर क्षेत्रभित्र सडक तथा सडक पेटी अतिक्रमण गरेर सञ्चालन भइरहेका व्यापार–व्यवसायमाथि कडाइ गर्ने निर्णय गरेको छ।

उपमहानगरपालिकाले शुक्रबार सार्वजनिक सूचना जारी गर्दै सडक तथा पैदलमार्ग अवरुद्ध हुने गरी राखिएका सम्पूर्ण सामग्री २४ घण्टाभित्र हटाउन निर्देशन दिएको हो।

उपमहानगरका अनुसार सडक र फुटपाथमा अतिक्रमण बढ्दा यातायात व्यवस्थापनमा समस्या आउनुका साथै सर्वसाधारणको आवतजावतमा समेत कठिनाइ हुने गरेको गुनासो बढ्दै गएको छ। यही अवस्थालाई नियन्त्रणमा लिन कडाइका साथ कदम चालिएको जनाइएको छ।

जारी सूचनामा तोकिएको समयसीमाभित्र पसल, ठेला, निर्माण सामग्री तथा अन्य अवरोधक वस्तुहरू नहटाए प्रचलित कानुनअनुसार कारबाही गरिने स्पष्ट उल्लेख गरिएको छ ।

उपमहानगरपालिकाले नगरवासी तथा व्यवसायीहरूलाई नियमको पालना गर्न आग्रह गर्दै यस अभियानमा सहयोग गर्न अपिल गरेको छ।

यसअघि पनि पटक–पटक अतिक्रमण हटाउने अभियान सञ्चालन गरिए तापनि पुनः सडकमा सामग्री राख्ने प्रवृत्ति नरोकिने देखिएकाले यसपटक कडाइका साथ कार्यान्वयन गरिने चेतावनीसमेत दिइएको छ।

# विदेशिएका नेपालीले आठ महिनामा पठाए १४ खर्ब ४९ अर्ब

**काठमाडौँ।**
चालु आर्थिक वर्षको फागुन मसान्तसम्म विदेशमा गएका नेपालीले १४ खर्ब ४९ अर्ब ६५ करोड रुपैयाँ बराबरको विप्रेषण देशभित्र पठाएका छन्। नेपाल राष्ट्र बैंकको विवरणअनुसार विप्रेषण आप्रवाहमा ३७.७ प्रतिशतले वृद्धि भएको हो।

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ९.५ प्रतिशतले बढेको थियो । गत फागुनमा विप्रेषण आप्रवाह एक खर्ब ८८ अर्ब ६४ करोड रुपैयाँ छ । अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह एक खर्ब ५१ अर्ब १९ करोड रुपैयाँ बराबर थियो।

यो अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह ३१ प्रतिशतले वृद्धि भई १० अर्ब १५ करोड रुपैयाँ पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ७.१ प्रतिशतले बढेको थियो।

केन्द्रीय बैंकका अनुसार समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) १५ खर्ब ९१ अर्ब ६६ करोड रुपैयाँ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ११ खर्ब ४९ अर्ब ३० करोड रुपैयाँ रहेको थियो । समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत–नयाँ) लिने नेपालीको संख्या दुई लाख ७३ हजार ५ सय ३६ र पुनः श्रम स्वीकृति लिनेको संख्या दुई लाख ५१ हजार ९ सय ८५ छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः तीन लाख १७ हजार ६८ र दुई लाख १७ हजार ४ सय ३ रहेको थियो।

त्यस्तै, समीक्षा अवधिमा चालु खाता पाँच खर्ब ५२ अर्ब ८५ करोड रुपैयाँले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता एक खर्ब ९७ अर्ब ३ करोड रुपैयाँले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा एक अर्ब ४६ करोड रुपैयाँले बचतमा रहेको चालु खाता समीक्षा अवधिमा तीन अर्ब ८८ करोड रुपैयाँले बचतमा रहेको छ।

यस्तै, फागुन मसान्तसम्म १० अर्ब ८४ करोड रुपैयाँ प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) भित्रिएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) आठ अर्ब ४७ करोड रुपैयाँ रहेको थियो। सो अवधिमा शोधनान्तर स्थिति छ खर्ब ५८ अर्ब ३५ करोड रुपैयाँले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति तीन खर्ब १० अर्ब ३७ करोड रुपैयाँले बचतमा छ। रासस

# निःशुल्क स्वास्थ्य शिविरमा १६८ दर्शनार्थी पर्यटक लाभान्वित

**मुस्ताङ।**
मुक्तिनाथधामस्थित दर्शनार्थी विश्रामस्थल प्राङ्गणमा सञ्चालन गरिएको एकदिने निःशुल्क स्वास्थ्य शिविरमा १ सय ६८ दर्शनार्थी पर्यटक लाभान्वित भएका छन्।

नेपाली सेनाको जोमसोमस्थित इन्द्रबक्स गणको आयोजनामा बिहीबार सञ्चालन गरिएको स्वास्थ्य शिविरमा मुक्तिनाथ दर्शन गर्ने दर्शनार्थी पर्यटकको निःशुल्क स्वास्थ्य परीक्षण गरिएको हो।

समुद्री सतहको तीन हजार ८ सय मिटर उचाइमा अवस्थित मुक्तिनाथ क्षेत्रमा पुगेका कतिपय दर्शनार्थीलाई हाइअल्टिच्युडको समस्या देखिने गर्छ । मुक्तिनाथ दर्शनार्थीलाई लक्षित गरी नेपाली सेनाको इन्द्रबक्स गणले मुक्तिनाथमा एकदिने शिविर सञ्चालन गरेको मुक्तिनाथ विकास समितिका व्यवस्थापक दिनेश भुसालले जानकारी दिए।



सेनाको निःशुल्क शिविरमा स्वास्थ्यमा समस्या भएका दीर्घरोगका बिरामी, ज्येष्ठ नागरिकलगायतको स्वास्थ्य परीक्षण भएको व्यवस्थापक भुसालले जानकारी दिए । उच्च उचाइको स्थानमा आउने पर्यटक तथा दर्शनार्थीलाई अक्सिजनको लेवल कम हुने भएकाले 'हाइअल्टिच्युड'को समस्या देखिने गरेको व्यवस्थापक भुसालको भनाइ छ।

नेपाली सेनाका निःशुल्क स्वास्थ्य शिविरमा स्वदेशी भक्तजन १२२ जना, भारतीय दर्शनार्थी ४० जनाले स्वास्थ्य लाभ लिएको इन्द्रबक्स गणले जनाएको छ।

त्यसैगरी, शिविरमा पोल्यान्डका पाँच पर्यटक र साउथ कोरियन पर्यटक एक गरी छ जना विदेशीले पनि शिविरमा स्वास्थ्य परीक्षण गरेका थिए।

शिविरमा स्वास्थ्य परीक्षण गरिएकामध्ये एक जना दर्शनार्थीलाई प्रोटेबल अक्सिन प्रयोग गरी हाइअल्टिच्युड सिग्नेसको परीक्षण गरी उपचार गरिएको इन्द्रबक्स गणले बताएको छ।

मुक्तिनाथमा सञ्चालन गरिएको स्वास्थ्य शिविरका लागि इन्द्रबक्स गणबाट एक जना चिकित्सकसहित पाँच स्वास्थ्यकर्मी खटिएका थिए । शिविरमा परीक्षण गर्न आएकाहरूको हाइअल्टिच्युड सिग्नेस, श्वासप्रश्वासको समस्या, उच्च रक्तचापलगायत सामान्य प्रकारको स्वास्थ्य परीक्षण गरिएको थियो। रासस

# सुदूरपश्चिम प्रदेशः पर्यटकीय क्षेत्र छन्, पर्यटक छैनन्

**सिद्धराज भट्ट/रासस**
**सुदूरपश्चिम।**
प्राकृतिक तथा धार्मिक पर्यटनको प्रचुर सम्भावना भएर पनि सुदूरपश्चिम प्रदेशमा अपेक्षित रूपमा पर्यटकीय गतिविधि सञ्चालन हुन सकेका छैनन् । पर्यटकीयस्थलको आवश्यक प्रवद्र्धनका साथै प्रचारप्रसारका लागि प्रभावकारी काम हुन नसक्दा पर्यटकको गतिविधि बढ्न नसकेको हो।

यो प्रदेश भौगोलिक तथा जैविक विविधता, मौलिक संस्कृति र ऐतिहासिक तथा धार्मिक धरोहरका दृष्टिले भरिपूर्ण मानिन्छ । यहाँ थुप्रै सुन्दर र मन लोभ्याउने ठाउँहरू भए पनि घुम्ने पर्यटक कम छन्। विभिन्न तहका सरकारबाट पर्यटन प्रवद्र्धनका लागि बनाइने योजनाको प्रभावकारी कार्यान्वयन नहुँदा पर्यटन प्रवद्र्धनमा ठोस काम हुन नसकेको विज्ञहरूको भनाइ छ।

बाह्य पर्यटकहरू टिकाउन पर्यटन प्रवद्र्धनका लागि विशेष कार्यक्रम ल्याउनुपर्ने पर्यटन व्यवसायीले बताउँछन् । नीतिगत अस्पष्टता, जटिल कानुनी प्रक्रियालगायतका कारण पनि पर्यटकीय क्षेत्रको प्रवद्र्धन एवम् विकास हुन नसकिरहेको उनीहरूको भनाइ छ।

पर्यटन व्यवसायी शिवहरि पाण्डेले सुदूरपश्चिम प्रदेशमा प्राकृतिक र धार्मिक पर्यटनको प्रचुर सम्भावना भएर पनि पर्यटनका गतिविधि बढ्न नसकिरहेको बताए। उनले भने, 'धेरै गन्तव्यस्थलमा न्यूनतम पूर्वाधार पनि पुर्याउन सकिएको छैन । ब्रान्डिङ गरेर समयानुकूल प्रचारप्रसारको अभाव छ, तेस्रो मुलुकका पर्यटकलाई सुदूरपश्चिम पुग्न सक्ने 'कनेक्टिभिटी'को समस्या हुँदा पनि गतिविधि अपेक्षित बढ्न सकेको छैन।'

बाटोको असुविधासँगै पर्यटकीय क्षेत्रमा उचित बसोबासको व्यवस्था नहुँदा र कतिपय पर्यटकीयस्थलको पहिचान हुन नसकेर पनि कहाँ घुम्ने भन्ने अन्योलता पर्यटकमा देखिने गरेको छ । पर्यटन आर्थिक गतिविधिमात्र नभई युवा रोजगारी, स्थानीय उत्पादनको बजार, संस्कृति संरक्षण र क्षेत्रीय विकाससँग जोडिएको विषय पनि हो।



सुदूरपश्चिम प्रदेशका अन्तरराष्ट्रिय सीमानाका हुँदै नेपाल घुम्न आउने अधिकांश पर्यटकको यस प्रदेशमा बसाइँ हुँदैन। अध्यागमन कार्यालय कैलालीको तथ्याङ्कअनुसार तेस्रो मुलुक भएर नेपाल भित्रिने पर्यटक काठमाडौँ, पोखरा, मनाङ, मुस्ताङ, कागबेनीलगायतका ठाउँमा जाने गरेका छन्।

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय पर्यटन एकाइका प्रमुख डबल रावलले पर्यटक प्रवद्र्धनका लागि योजनाबद्ध काम भइरहेका बताए । उनले भने, 'चालु आर्थिक वर्षमा पर्यटकीय क्षेत्रको विकासमा ६० करोड रुपैयाँ बजेट विनियोजन भएको छ, केही योजना निर्माणको प्रक्रियामा गइसकेका छन्।'

मन्त्रालयको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८१–८२ मा विभिन्न सीमानाकाबाट आन्तरिक, भारतीय र तेस्रो मुलुकका गरी दुई लाख ५९ हजार ६ सय ८३ पर्यटक भित्रिएका छन् । त्रिनगर, गड्डाचौकी, खक्रौला, चिसापानी, दार्चुलालगायतका ठाउँमा पर्यटन सूचना केन्द्र सञ्चालनमा छन् । सीमानाकाबाट भित्रिनेमध्ये अधिकांश विदेशी पर्यटक सुदूरपश्चिममा बसाइ नगरी पूर्वी नेपालतर्फ घुम्न जाने गरेका छन्।

रावलले भने, 'सीमानाकाबाट भित्रिनेमध्ये कतिपय धार्मिक पर्यटकहरू भने प्रदेशका पहाडी जिल्लाका धार्मिकस्थलमा पुग्ने गरेका छन्।' आव २०८२–८३ मा प्रदेश सरकारले 'पर्यटन पूर्वाधारः समृद्ध प्रदेशको आधार' भन्ने नीति लिएको छ। यसअन्तर्गत प्रदेशभरि धार्मिक सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक र सिमासार तथा तालतलैया क्षेत्रको संरक्षण र विकासका लागि 'बाँकावीर पर्यटन प्रवद्र्धन कार्यक्रम' सञ्चालनमा छ। धार्मिक पर्यटन सर्किट निर्माण, खप्तड बडिमालिका मल्लिकार्जुन, सिगासधाम, रामारोशनजस्ता पर्यटकीय क्षेत्रको विकास कार्यक्रम र केबुलकार स्थापनाका लागि अध्ययन गर्ने कार्यक्रम पनि छ। थुप्रै मठमन्दिर एवम् देवस्थल रहेकाले सुदूरपश्चिम प्रदेशलाई देवभूमिका रूपमा चिन्ने गरिन्छ । प्रदेशसँग जोडिएको महाकाली नदीपारिको भारतको उत्तराखण्ड क्षेत्रलाई पनि देवभूमि मानिन्छ।

प्रसिद्ध धार्मिकस्थल अछामको वैद्यनाथ धाममा रावणले तपस्या गरेको किंवदन्ती छ । शिव प्रकट भएर स्वयंले रावणको घाँटी काटेपछि वैद्य आएर घाँटी जोडिदिएको कथन छ । भगवान् शिवको नाम त्यतिबेला वैद्यनाथ धामले परिचित रहेको जानकारको भनाइ छ।

यो धामसहित खप्तड क्षेत्र, बडिमालिका, अपी–नाम्पा हिमाल, शुक्लाफाँटा, घोडाघोडी ताल, रामारोशन, बडीकेदार, परशुराम धाम, शैलेश्वरी, उग्रतारा मन्दिर, त्रिपुरासुन्दरी, निङ्गलासैनी, गोदावरी धाम, शिवपुरी धाम, बेहडाबाबा धामजस्ता थुप्रै पर्यटकीय क्षेत्र छन्। यस्तै कर्णाली नदीमाथि बनेको एकखम्बे पुल, महाकाली नदीमाथिको झोलुङ्गे पुलजस्ता आकर्षक गन्तव्यस्थलले अन्तरराष्ट्रिय पर्यटकसमेत आकर्षित गर्न सक्ने क्षमता राख्छन्।

विभिन्न प्रजातिका गुलाबका फूलको अवलोकन गर्न सकिने ठाउँका रूपमा चर्चित टीकापुर उद्यान चर्चित छ । यो ठाउँमा तत्कालीन राजा महेन्द्रले विसं २०२८ मा एक महिना बसेर राजकाज चलाउनुभएको इतिहास छ । यस्तै रामसार क्षेत्रको सूचीमा सूचीकृत घोडाघोडी तालसहित सयौँ प्रजातिका चराचुरुङ्गी, गोही, पानी हाँस, जङ्गली धानलगायतले यो क्षेत्र आकर्षक मानिन्छ।

जिल्लाको चुरे पहाडी क्षेत्रमा राणाकालीन समयमा बनेकाको गर्बा दरबार पनि छ । यो दरबार भने संरक्षणको अभावमा खण्डहर बनिसकेको छ। कैलालीको मोहना नदी र पथरैया नदी डल्फिनको अवलोकनका लागि चर्चित छ । साउन, भदौ महिनामा यी नदीमा डल्फिनको अवलोकन गर्न सकिन्छ।

कञ्चनपुरमा पर्ने शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाह्रसिङ्घे झुण्डका साथै अन्य जीवजन्तुको अवलोकन गर्न सकिन्छ । कञ्चनपुरमा शिवलिङ्गको स्वरुपमा प्राकृतिक रूपमा बनेको लिङ्गा, वेतकोट ताल, डडेल्धुराको ऐतिहासिक अमरगढी किल्ला छ । डडेलधुराको अजयमेरूकोट दरबारले एउटा छुट्टै इतिहास बोकेको छ। यहाँ पुराना कलात्मक शैलीमा निर्माण गरिएका नौला (खानेपानीको परम्परागत धारा), देवलको भौतिक र प्राचीन धरोहरको अवलोकन गर्न सकिन्छ।

बझाङ, बाजुरा, डोटी र अछाम जिल्लाको सङ्गमस्थलमा अवस्थित खप्तड क्षेत्र आन्तरिक र बाह्य पर्यटकका लागि उत्कृष्ट गन्तव्य बन्न सक्ने देखिन्छ । खप्तडको त्रिवेणीमा रहेको त्रिवेणी मन्दिर र त्यसवरपर २२ वटा पाटन छन्, जुन अवलोकन गर्दा पर्यटकहरूको मन प्रफुल्ल हुन्छ । खप्तड घुम्नका लागि जेठ, असारदेखि मङ्सिरसम्मको समय उपयुक्त मानिन्छ।

समुद्री सतहबाट दुई हजार ७ सयदेखि तीन हजार २ सय २७ मिटरसम्मको उचाइमा २ सय २५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको खप्तड राष्ट्रिय निकुञ्जलाई अति दुर्लभ दलदले घाँसेमैदानका रूपमा लिने गरिए पनि प्रचारप्रसार सोहनुसार हुन नसकेको प्रमुख रावलले बताए।

धुपिसल्ला र लालीगुराँसको जङ्गलका बीचमा रहेको पाटन, रङ्गीविरङ्गी फूलहरू, दह, त्रिवेणी, नागढुङ्गा, खप्तडबाबाको आश्रम सुन्दर घनघोर जङ्गल खप्तडका मन लोभ्याउने आकर्षण हुन् । यस्ता प्राकृतिक दृष्य नियाल्दै जाँदा कलकल बग्ने दर्जनौँ खोला, त्रिवेणी सीतापाइला मन्दिर, त्रिवेणीधाम २२ पाटनको सुन्दरताले यहाँको आकर्षणमा सुगन्ध थपेको छ।

बाजुराको बडिमालिका प्राकृतिक तथा धार्मिक दृष्टिले उत्कृष्ट गन्तव्यका रूपमा रहेकाले यसको प्रचारप्रसार र प्रवद्र्धनमा तीनै तहका सरकारले योजनाबद्ध काम गर्नुपर्नेमा प्रमुख रावलले जोड दिनुभयो । भगवान् शिवले लामो समय बसोबास गरेको मानिने बडिमालिका सौन्दर्यका हिसाबले मात्र नभई धार्मिक हिसाबले पनि महत्त्वपूर्ण छ। नजिकै देखिने सुन्दर हिमाल, हिउँ कुल्चन पाउने सौभाग्य र मनोरम प्राकृतिक दृश्यहरू बडिमालिकाका गहना हुन्।

यहाँका सौन्दर्य विशाल फाँटहरू हुन् । बाह्रै महिना चिसो र कुहिरो लाग्ने भएकाले यहाँको प्राकृतिक सौन्दर्यता नियाल्न विशेष समयको पर्खाइ गर्नुपर्ने हुन्छ। यो ठाउँ समुद्री सतहबाट चार हजार २ सय १९ मिटर उचाइमा रहेको छ।



# महिला सहभागिता र सुरक्षामा जोड दिँदै ‘जनकपुरधाम मागपत्र’ सार्वजनिक

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महिलाको अर्थपूर्ण राजनीतिक सहभागिता तथा महिला मानव अधिकार रक्षकहरूको सुरक्षालाई केन्द्रमा राख्दै जनकपुरधाममा सम्पन्न दुईदिने प्रदेशस्तरीय गोष्ठीले ‘जनकपुरधाम मागपत्र’ सार्वजनिक गरेको छ ।

महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जालको आयोजनामा भएको गोष्ठीमा मधेश प्रदेशका आठवटै जिल्लाबाट आएका मानव अधिकारकर्मी, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिसहित ६५ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रम श्याम कुमारी शाहको अध्यक्षता तथा प्रदेश सभा सदस्य जीवछी यादवको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो ।

गोष्ठीले वर्तमान राजनीतिक परिवेशमा महिलाको नेतृत्व सुनिश्चित गर्न प्रदेश सरकारले ठोस नीतिगत पहल गर्नुपर्ने आवश्यकता औँल्याएको छ । सार्वजनिक मागपत्रमा आगामी निर्वाचनमा प्रत्यक्षतर्फ ५० प्रतिशत महिला उम्मेदवारी सुनिश्चित गर्न संविधान संशोधन गर्नुपर्ने माग गरिएको छ ।



त्यस्तै, महिलाबीच मात्र प्रतिस्पर्धा हुने ‘महिला क्लस्टर’ व्यवस्था लागू गर्नुपर्ने प्रस्ताव अघि सारिएको छ । समानुपातिक निर्वाचन प्रणालीलाई केवल संख्या पूर्तिमा सीमित नराखी भूगोल, वर्ग र विविधताको आधारमा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको छ ।

मागपत्रमा दलित, मुस्लिम, थारु, अपाङ्गता भएका व्यक्ति, युवा तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने उल्लेख गरिएको छ । साथै, राजनीतिक दलहरूले टिकट वितरणमा आर्थिक प्रभावभन्दा योगदान र क्षमतालाई प्राथमिकता दिनुपर्ने र पार्टी संरचनाका सबै तहमा ५० प्रतिशत महिला प्रतिनिधित्व अनिवार्य गर्नुपर्ने माग गरिएको छ ।

मधेश प्रदेशमा विद्यमान बालविवाह, दाइजो प्रथा, बोक्सी आरोप तथा घरेलु हिंसाका घटनामा शीघ्र न्याय सुनिश्चित गर्न ‘फास्ट ट्र्याक’ प्रणाली लागू गर्नुपर्ने आवश्यकता पनि औँल्याइएको छ । मिलापत्रका नाममा अपराधीलाई उन्मुक्ति दिने अभ्यास अन्त्य गर्नुपर्नेमा जोड दिइएको छ ।

पीडित संरक्षणका लागि प्रत्येक जिल्लामा सुरक्षित आवास गृह स्थापना, स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोष गठन तथा एकद्वार संकट व्यवस्थापन केन्द्रलाई प्रभावकारी बनाउने माग गरिएको छ । साथै डिजिटल माध्यमबाट हुने गालीगलौज र चरित्र हत्या नियन्त्रणका लागि छुट्टै संयन्त्र आवश्यक रहेको उल्लेख छ ।

मागपत्रमा प्रदेश सरकारले ‘महिला मानव अधिकार रक्षक सुरक्षा नीति’ तत्काल तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने, आमाको नामबाट पनि जन्मदर्ता तथा नागरिकता प्राप्त गर्ने व्यवस्था सहज बनाउनुपर्ने र अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षा कोषमा समेट्नुपर्ने विषय समेटिएका छन् ।

५३ जना अधिकारकर्मीहरूको संयुक्त हस्ताक्षर रहेको मागपत्र सम्बन्धित निकायसमक्ष पेश गरिएको आयोजकले जनाएको छ । कार्यक्रममा सहभागीहरूले नयाँ सरकारसँग सहकार्य गर्दै महिला अधिकार र सुरक्षाका सवालमा सक्रिय भूमिका खेल्ने प्रतिबद्धता समेत व्यक्त गरेका छन् ।



**र्‍यालीमा सहभागी सहकारीकर्मीः** रौतहटको चन्द्रनिगाहपुरमा शुक्रबार राष्ट्रिय सहकारी दिवसको अवसरमा निकालिएको र्‍यालीमा सहभागी सहकारीकर्मीहरु । तस्बिरः रासस

# जनकपुरधामका १२ होटललाई स्तरोन्नतिको प्रमाणपत्र

**जनकपुरधाम ।**
खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधामले तोकेको मापदण्ड तथा खाद्य स्वच्छता कायम गर्ने जनकपुरधामका १२ वटा विभिन्न होटल तथा रेष्टुरेन्टलाई स्तरोन्नतिको प्रमाणपत्र प्रदान गरेको छ ।

साथै ती होटल तथा रेष्टुरेन्टहरूले प्राप्त गरेको स्तरीकरणको प्राप्ताङ्क नम्बर एवम् लोगोसहित हरियो स्टिकर प्रदान गरेको कार्यालय प्रमुख विमल दाहालले जानकारी दिए ।

यसरी स्तरोन्नतिको प्रमाणपत्र प्राप्त गर्ने होटलहरूमा मिथिला यात्री निवास जनकपुरधाम–६, होटल सुपा प्रालि जनकपुरधाम–९, जानकी स्टार होटल प्रालि जनकपुरधाम–८, होटल रामा प्रालि जनकपुरधाम–१, होटल अरिपन प्रालि जनकपुरधाम–२, अजन्नी सुइट प्रालि जनकपुरधाम–८, होटल सिटी पार्क जनकपुरधाम–९, होटल मिस्टिक मिथिला प्रालि जनकपुरधाम–२, होटल सीताशरण प्रालि जनकपुरधाम–२३, होटल वेलकम प्रालि जनकपुरधाम–२, मिथिला थाली प्रालि जनकपुरधाम–८ तथा मैथिल थाल प्रालि जनकपुरधाम–७ रहेको कार्यालयले जनाएको छ ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलको नेतृत्वमा सहायक प्रमुख जिल्ला अधिकारी उमेश दाहाल एवम् खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रमुख विमल दाहालगायतका पदाधिकारीहरूको टोलीले ती होटललाई स्तरोन्नतिको प्रमाणपत्र प्रदान गरेका थिए ।

साथै ती होटलका रेष्टुरेन्टमा हरियो स्टिकर टाँस गरिएको बताइएको छ । टोलीले होटलहरूका रेष्टुरेन्ट तथा भान्सा कोठाहरूको अनुगमन तथा निरीक्षणका साथै सरसफाइबारे जानकारी लिएको थियो ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको होटलका रेष्टुरेन्ट स्तरीकरण गर्नेसम्बन्धी निर्देशिका, २०७४ को अनुसूची १ को खाद्य स्वच्छताका आधारमा आवश्यक अनुगमन निरीक्षणपश्चात ती होटलको स्तरीकरण मूल्याङ्कन गरिएको थियो । रासस

# देवीदहको पर्यटन प्रवर्द्धनका लागि ‘विष्णु महायज्ञ’

**सिरहा ।**
जिल्लाको धार्मिक तथा पर्यटकीयस्थल देवीदहको पर्यटन प्रवद्र्धन र प्रचारप्रसारका लागि विष्णु महायज्ञ आयोजना गरिएको छ । लहान नगरपालिकाको वडा नं १७ स्थित पर्यटकीय क्षेत्रमा चैत १९ गतेदेखि २९ गतेसम्म महायज्ञ आयोजना हुने छ ।

महायज्ञ आयोजक महात्मा शिवलाल दास र चुलहाइ दासका अनुसार विगत तीन वर्षदेखि यहाँ निरन्तर महायज्ञ आयोजना गरिँदै आएको छ । यसले मानव कल्याणका साथै स्थानीयवासीमा धार्मिक सद्भाव बढाउन र आपसी वैमनस्यता घटाउन मद्दत पुग्ने विश्वास लिइएको छ ।

करिब नौ बिघा क्षेत्रफलमा फैलिएको दहको प्रचारप्रसारका लागि पनि महायज्ञ आयोजना गरिएको जनाइएको छ । १० वर्षअघि प्रथम राष्ट्रपति डा रामवरण यादवले यस क्षेत्रको अवलोकन गरी संरक्षणमा चासो देखाएपछि नै यहाँ आन्तरिक पर्यटककीय गतिविधि बढिरहेका छन् ।

देवीदह वन उपभोक्ता समूह तथा संरक्षण समितिका अध्यक्ष कपिलेश्वर यादवले उचित बजेट र संरक्षणको अभावमा दहको अवस्था दयनीय बन्दै गएको छ । उनले भने, ‘यो दह धार्मिक तथा ऐतिहासिक हिसाबले प्रसिद्ध छ, तर बजेट नहुँदा संरक्षण हुन सकिरहेको छैन । पर्यटकलाई जलयात्राका लागि ल्याइएका चारवटा डुङ्गाहरू बिग्रिएर प्रयोगविहीन छन्, कतिपय संरचना अधुरै छन् । मधेश प्रदेशसभा सदस्य ललिता दासले पहलमा यहाँ उपलब्ध गराइएको २५ लाख रुपैयाँबाट हाल केही काम भने भइरहेका छन् ।’



लहान, १७ का वडाध्यक्ष प्रथमलाल चौधरीले यसअघि ठूला योजना निर्माणका लागि प्रयास गरिए पनि कार्यान्वयन नभएको बताउनुभयो । उनका अनुसार आर्थिक वर्ष २०७७–७८ मा छ करोड ९३ लाख रुपैयाँभन्दा बढीको लागतमा ठेक्का लागे पनि नगरपालिकाले बेहोर्नुपर्ने एक करोड ८० लाख रुपैयाँको दायित्व नलिँदा कार्यान्वयन भएन । त्यसबेला पर्यटन बोर्डसँग सम्झौता भएको पाँच करोड २२ लाख रुपैयाँको योजना कार्यान्वयन नहुँदा पछि नयाँ पूर्वाधार बनाउन नसकिएको र पुराना संरचनासमेत जीर्ण भएका वडाध्यक्ष चौधरीले गुनासो गरे ।

उनले यस सिमसार तथा धार्मिक क्षेत्रको महत्त्वलाई उजागर गर्न र ओझेलमा परेको पर्यटनलाई पुनः चलायमान बनाउन महायज्ञले सहयोग पुग्ने विश्वास व्यक्त गरे । रासस

# मनाइयो सहकारी दिवस




**मधेशदृष्टि**
**वीरगंज ।**
६९औँ राष्ट्रिय सहकारी दिवसको अवसरमा वीरगन्जमा विविध कार्यक्रममार्फत सहकारी चेतना प्रकट गरिएको छ । सहकारी व्यवस्थापन समिति (सिएमसी) पर्साको आयोजना तथा वीरगन्ज रक्तसञ्चार केन्द्रको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा ९ महिला सहित ६१ जनाले रक्तदान गरेका थिए । सहकारीकर्मी, संघसंस्था प्रतिनिधि र स्थानीय सर्वसाधारणको सहभागीता रहेको आयोजकले जानकारी दिएको छ । रक्तदानमार्फत रक्त अभाव न्यूनीकरणमा सहयोग पुर्याउने उद्देश्य राखिएको थियो । सहभागीहरूले मानवीय कार्यमा योगदान दिन पाएकोमा खुशी व्यक्त गरेका थिए ।

त्यसैगरी, दिवसको अवसरमा आयोजित प्रभात फेरी रैलीमा उद्यमशीलता र पारदर्शिताः सहकारीको प्राथमिकता भन्ने मूल नारासहित सहकारीकर्मी, शुभचिन्तक र स्थानीय नागरिकहरूले सहभागिता जनाएका थिए । रैलीले सहकारी क्षेत्रको विकास र पारदर्शिता सुनिश्चित गर्दै सहकार्य र एकताको भावना प्रबल बनाउने विश्वास व्यक्त गरिएको छ ।

**जनकपुरधाममा पनि मनाइयो सहकारी दिवस**

जनकपुरधाममा शुक्रबार विविध कार्यक्रमका साथ ६९औँ राष्ट्रिय सहकारी दिवस मनाइएको छ । ‘उद्यमशीलता र पारदर्शिताः सहकारीको प्राथमिकता’ भन्ने मूल नारासहित आयोजित कार्यक्रममा प्रभातफेरी र रक्तदान जस्ता सामाजिक गतिविधि सम्पन्न गरिएका हुन् ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत प्रदेश सहकारी रजिष्ट्रार कार्यालयको आयोजनामा सम्पन्न कार्यक्रममा सहकारी क्षेत्रसँग आबद्ध विभिन्न निकायका प्रतिनिधिहरूको उल्लेख्य सहभागिता देखिएको थियो ।

प्रभातफेरीपछि आयोजित औपचारिक सभामा वक्ताहरूले सहकारी क्षेत्रमा देखिएका चुनौती, समस्या र तिनको समाधानका उपायबारे आफ्ना धारणा राखेका थिए । कार्यक्रममा मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्यामप्रसाद पटेलले सहकारी क्षेत्रमा पछिल्लो समय देखिएको समस्या र त्यसले बचतकर्तामा परेको असरप्रति चिन्ता व्यक्त गरे । उनले सहकारीप्रति जनविश्वास घट्दै गएको सन्दर्भ उल्लेख गर्दै विश्वास पुनःस्थापना गर्नु अहिलेको प्रमुख आवश्यकता भएको बताए ।

त्यस्तै, प्रदेश सहकारी रजिष्ट्रार कार्यालय मधेशका प्रमुख रुपेशकुमार साहले सहकारी सुधारका लागि प्रभावकारी नियमन अपरिहार्य रहेको बताए । उनका अनुसार पारदर्शिताको अभाव सहकारी क्षेत्रको मुख्य समस्या बनेकाले त्यसलाई नियन्त्रण गर्न विशेष पहल थालिएको छ ।

नेपालमा हरेक वर्ष चैत २० गते राष्ट्रिय सहकारी दिवस मनाइदै आईरहेको छ । यस दिवसले सहकारी क्षेत्रलाई व्यवस्थित, पारदर्शी र सदस्य–केन्द्रित बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ ।

# चिट चोराउने तीनजना समातिए

**मधेशदृष्टि**
**रौतहट ।**
एसईईको प्रश्नपत्र आउट गरी चिट चोराएको आरोपमा तीन जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा गरुडा नगरपालिका–७ का १८ वर्षीय चन्दन पटेल, रौतहटकै वृन्दावन नगरपालिका–७ का २० वर्षीय रोहितकुमार पटेल र सर्लाहीको बलरा नगरपालिका–८ का १८ वर्षीय धीरज साह छन् । उनीहरूले शुक्रबारको परीक्षामा प्रश्नपत्र आउट गरी चिट चोराएको आरोप छ । उनीहरूमाथि इलाका प्रहरी कार्यालय गरुडाबाट अनुसन्धान अघि बढाइएको छ ।

# घुसको रकमसहित सशस्त्रका प्रहरी निरीक्षक पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाबाट घुस रकमसहित सशस्त्र प्रहरीका एक इन्स्पेक्टर पक्राउ परेका छन् । शुक्रबार बिहान अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले सशस्त्र प्रहरी बेस क्याम्प नक्टाझिजका प्रहरी निरीक्षक ओकिल अधिकारीलाई लालगढबाट ४० हजार घुससहित नियन्त्रणमा लिएको हो । लालगढस्थित आदर्श राष्ट्रिय माध्यमिक विद्यालय अगाडिबाट उनलाई घुससहित नियन्त्रणमा लिइएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग क्षेत्रीय कार्यालय बर्दिबासका प्रमुख राम बहादुर कुरुम्वाङले जानकारी दिए । उनका अनुसार मुचुल्कासहितको आवश्यक प्रक्रिया पूरा गर्ने कार्य भइरहको छ । अख्तियार स्रोतका अनुसार

कमला–ढल्केवर–बाग्मती सडक निर्माण खण्डअन्तर्गत माटो तथा ग्राभेल फिलिङ कार्यमा प्रयोग हुने सवारी साधनहरू रोक्ने, अनावश्यक अवरोध सिर्जना गर्ने र घुस माग्ने गरेको उजुरीको आधारमा अख्तियारको टोलीले निगरानी गर्दै आएको थियो ।

# ट्र्याक्टर पल्टँदा चालकको मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
आफैँले चलाएको ट्र्याक्टर पल्टिँदा चालकको मृत्यु भएको छ । गढिमाई नगरपालिका–७ स्थित धरमपुर–धनाडी सडकखण्ड अन्तर्गत नहरको बाटोमा दुर्घटना भएको हो । धनाडीबाट धरमपुरतर्फ जाँदै गरेको ना६त ९६८३ नम्बरको ट्र्याक्टर अनियन्त्रित भई सडकबाट खेतमा पल्टिएको थियो । दुर्घटनामा ट्र्याक्टरको इन्जिनले थिचिएर चालक गौर नगरपालिका–६, सबगढाका २८ वर्षीय रञ्जित साहको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटले जानकारी दिएको छ ।



## सम्पादकीय

# अर्थमन्त्री वाग्लेको वीरगंज भ्रमण: आशा र चुनौतीको सङ्गम

शुक्रबार अर्थमन्त्री स्वर्णिम वाग्लेको वीरगंज भ्रमण र सुशासनको प्रत्याभूति दिने उनको भनाइले उद्योगी तथा व्यवसायी वृत्तमा नयाँ आशा जगाएको छ। देशको आर्थिक मेरुदण्ड मानिने वीरगंज, जहाँबाट ठूलो मात्रामा राजस्व सङ्कलन हुन्छ, त्यहाँ अर्थमन्त्रीको उपस्थिति र प्रतिबद्धताले सकारात्मक सन्देश प्रवाह गरेको छ। लामो समयदेखि नीतिगत अस्थिरता, प्रशासनिक झन्झट र भ्रष्टाचारको चपेटामा परेका उद्योगी व्यवसायीहरूले सरकारबाट ठोस कदमको अपेक्षा गरिरहेका छन्। यस भ्रमणले सरकारले निजी क्षेत्रका समस्यालाई गम्भीरतापूर्वक लिएको संकेत गर्छ, तर यो आशालाई यथार्थमा परिणत गर्न अझै धेरै काम गर्न बाँकी छ।

अर्थमन्त्री वाग्लेले पदभार ग्रहण गरेलगत्तै केही महत्वपूर्ण निर्णयहरू लिएका छन्, जसमा १५ वटा पुराना कानून खारेज गर्ने र राजस्व चुहावट नियन्त्रणमा जोड दिने जस्ता कार्यहरू प्रमुख छन्। उनको यो कदमले सुशासन र आर्थिक सुधारप्रतिको प्रतिबद्धता झल्काउँछ। वीरगंजमा उनले भन्सार कार्यालयको अनुगमन गर्दै तस्करी नियन्त्रण र व्यापार सहजीकरणमा जोड दिएको खबरहरू आएका छन्। यस्ता पहलहरूले व्यवसायिक वातावरण सुधार गर्न मद्दत पुग्ने विश्वास गरिएको छ। तर, यी प्रतिबद्धताहरू केवल भाषणमा सीमित नभई व्यवहारमा उतार्न सके मात्र उद्योगी व्यवसायीले वास्तविक परिवर्तनको महसुस गर्न सक्नेछन्।

वीरगंजका उद्योगी व्यवसायीहरूले लामो समयदेखि भन्सार प्रक्रियामा हुने ढिलासुस्ती, अनावश्यक कागजी प्रक्रिया, कर्मचारीतन्त्रको असहयोग र अनियमितता जस्ता समस्या भोग्दै आएका छन्। अर्थमन्त्रीको सुशासनको प्रत्याभूतिले उनीहरूमा केही हदसम्म उत्साह थपेको छ। तर, विगतका अनुभवहरूले गर्दा उनीहरू तत्कालै पूर्ण रूपमा विश्वस्त भइहाल्ने अवस्था छैन। उनीहरू सरकारबाट नीतिगत स्थिरता, पारदर्शी प्रशासन र लगानीमैत्री वातावरणको सुनिश्चितता चाहन्छन्। केवल मौखिक आश्वासनले मात्र लगानी आकर्षित गर्न र व्यवसाय विस्तार गर्न पर्याप्त हुँदैन।

के सरकारसँग अब उद्योगी व्यवसायीले आशा गर्ने वातावरण बनेको हो त? यो प्रश्नको उत्तर तत्काल दिन हतार हुनेछ। अर्थमन्त्री वाग्लेको कार्यकालको यो प्रारम्भिक चरणलाई 'परीक्षणकाल' कै रूपमा हेर्नु उपयुक्त हुन्छ। उनले लिएका निर्णयहरू र दिएका आश्वासनहरूलाई कार्यान्वयनमा ल्याउन कति सफल हुन्छन् भन्ने कुराले नै भविष्यको दिशा निर्धारण गर्नेछ। सुशासनको प्रत्याभूति दिनु एक कुरा हो, तर त्यसलाई व्यवहारमा उतार्नका लागि दृढ इच्छाशक्ति, कठोर निर्णय र निरन्तर अनुगमन आवश्यक पर्छ। सरकारले निजी क्षेत्रसँगको सहकार्यलाई अझ सुदृढ गर्दै उनीहरूका जायज मागहरू सम्बोधन गर्नुपर्छ।

अन्त्यमा, अर्थमन्त्री स्वर्णिम वाग्लेको वीरगञ्ज भ्रमण र सुशासनको प्रतिबद्धताले सकारात्मक संकेत दिएको छ। तर, यो केवल सुरुवात मात्र हो। उद्योगी व्यवसायीले सरकारबाट ठोस परिणामको अपेक्षा गरेका छन्। सरकारले आफ्ना प्रतिबद्धताहरूलाई कार्यरूपमा परिणत गर्दै निजी क्षेत्रको विश्वास जित्न सकेमा मात्र देशको आर्थिक विकासले गति लिन सक्छ। यो 'परीक्षणकाल' मा सरकारले कस्तो प्रदर्शन गर्छ, त्यसैमा नेपालको आर्थिक भविष्यको ठूलो हिस्सा निर्भर रहनेछ।

# थिलथिलिएको बिपी राजमार्गमा कहिलेसम्म कठिनाईपूर्ण यात्रा ?

*राजकुमार पराजुली/रासस*

**काभ्रेपलाञ्चोक।**
बिपी राजमार्गको यात्रा डेढ वर्षदेखि कठिनाईपूर्ण बनिरहेको छ। हालका दिनमा भइरहेको मध्यम र हल्का वर्षाले पनि पटकपटक अबरुद्ध हुने गरेको उक्त राजमार्ग यो चैत महिनाको मध्यसम्म दुईपटक अबरुद्ध भैसक्यो। डेढ वर्षअघिसम्म मध्यपहाडी क्षेत्रको यात्रालाई सहजता दिलाएको उक्त राजमार्ग दुई वर्षमा 'ठीकठाक' पार्ने गरी स्थायी पुनर्निर्माण भने सुरु भैसकेको छ।

सङ्घीय राजधानी काठमाडौँलाई पूर्वी नेपालसँग जोड्ने छोटो, एक मात्र वैकल्पिक र अत्यन्त महत्वपूर्ण सडकमार्ग बिपी राजमार्ग। विशेषगरी यस राजमार्गको काभ्रेपलाञ्चोकको चौकीडाँडादेखि सिन्धुलीको विभिन्न क्षेत्रस्थित सडकखण्डमा यस र अघिल्लो वर्षको असोजका बाढीपहिरोले 'थिलथिलो' नै बनाएको छ। यस राजमार्गको मध्यक्षेत्र अर्थात काभ्रेपलाञ्चोकतर्फको सडकखण्ड भत्किएर क्षत्विक्षत् तथा बगाएपछि यात्रा जोखिमपूर्ण अवस्थाबाट गुज्रिरहेको छ। उक्त राजमार्गको सडक–सम्पर्क बिच्छेदसमेत भएको हो।

वर्षायाममा केही भागमा क्षति पु¥याएपनि दुई वटाका असोजका अबिरल वर्षामा काभ्रेपलाञ्चोकको रोशी खोलामा आएको बाढीले राजमार्गका सडकखण्ड क्षतिग्रस्त बनाइदिएको थियो। यसवर्ष पनि गत असोजमै राजमार्गको विभिन्न सडकखण्डमा सडकको नामोनिसा नै मेटिनेगरी, पैदलसमेत हिड्ने नसक्ने गरी बाढीपहिरोले तहसनहस बनाइदिएको थियो। गत साल असोजमा क्षत्विक्षत् राजमार्गमा अस्थायी सडक एवं डाइभर्सन बनाई सञ्चालन गरिएपनि स्थायी बनाउने प्रक्रियामै रहेका बेला राजमार्ग पुनः थिलथिलो बन्नुप¥यो।

डिभिजन सडक कार्यालय भक्तपुरको प्रारम्भिक अनुगमन निरीक्षणअनुसार करिब चार किलोमिटर सडक नै बगाएको छ। यसका कारण खोलाबाटै डाइभर्सन बनाएर सवारी स्ञ्चालनमा ल्याउनुप¥यो। करिब २६ अर्ब जापानी येन बराबरको लागतमा खण्डखण्डमा निर्माण सम्पन्न यस राजमार्गले पूर्वी नेपाललाई राजधानीसँग छोटो र सिधा जोड्को छ। यस राजमार्ग निर्माण सम्पन्न भएपछि पूर्व–पश्चिम राजमार्ग हुँदै नारायणघाट–मुग्लिन–काठमाडौँ घुम्नुपर्ने झन्झट हटाइदिएको थियो।

गत वर्षको असोज १०, ११ र १२ मा परेको अविरल वर्षाका कारण रोशी खोला बढीले बर्दिबासदेखि धुलिखेलसम्म १० किलोमिटर सडक क्षतिग्रस्त भएको थियो। त्यसलाई अस्थायी मर्मत गरेर सञ्चालनमा ल्याएको वर्ष दिनपछि गत असोज १७ र १८ मा वर्षाले पुनः क्षति गराएको हो। सङ्घीय राजधानी काठमाडौँबाट बागमती प्रदेशअन्तर्गत अरनिको राजमार्गअन्तर्गत धुलिखेलबाट सुरु भएको यस राजमार्ग मध्यपहाडीको हाल निर्माणाधीन पुष्पलाल रार्जमार्गसँग समेत जोडिएको छ। तर, भूकम्पले केही दूरीका सडक भत्काएको यस मार्गलाई २०८१ र २०८२ सालको बाढीपहिरोले थप क्षतिग्रस्त बनाएको हो।

राजमार्गअन्तर्गत यस क्षेत्रमा पुल नबनेका भ्याकुरे, घ्याम्पे र रोशी खोला बारम्बार समस्या बन्दै आइरहेका छन्। वर्षा भएका बेला यी खोलाबाट आउने खहरे र बाढीले हरेक दिनजसो बाटो बन्द हुने अवस्था निम्तिएको छ। यस्तै गत सालको बर्षाले काभ्रेपलाञ्चोकेको भकुण्डेबेंसीदेखि सिन्धुलीको नेपालथोकसम्म करिब ३० किलोमिटर सडकमा बाढीले नराम्रो क्षति पु¥याएको थियो। विशेषगरी नेपालथोक–आँपटार, कालढुङ्गा, डालाबेंसी, चिउरीबास, एक नम्बर पुललगायतका ठाउँमा सयौँ मिटर सडक बगाएको छ। त्यसबेला सानो खोलाले पनि डाइभर्सनसमेत बगाएको थियो।

गतसाल राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकतर्फको नार्के बजार, चौकीडाँडा, दाउन्ने, माम्ती खोला र बेंसीका सडकखण्ड पूर्णरुपमा बगाएका थियो। गत सालको वर्षाले बगाएको सडकमा अस्थायी ट्र्याक खोलिएको भए पनि गत बैशाख अन्तिम साताको बाढीले फेरि डाइभर्सनलगायत अस्थायी सडक बगाएको थियो। त्यसलाई पनि अस्थायी मर्मत गरी सञ्चालनमा ल्याइएको थियो। यसैबीच पटकपटकको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गको हाल स्थायी रुपमा पुनःनिर्माणकार्यलाई तीव्रता दिइएको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ। उक्त राजमार्गको क्षतिग्रस्त सडकखण्डको तीन स्थानबाट थालिएको स्थायी पुनःनिर्माणकार्यलाई तीव्रता दिइएको हो।

राजमार्गको जोखिमयुक्त स्थानमा आउँदो वर्षाअघि नै पूर्वाधार निर्माण सक्ने र राजमार्गबाट नै यातायातका साधन सञ्चालन गर्नेगरी निर्माण कार्यलाई तीब्रता दिइएको कार्यालय प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले बताउनुभयो। उहाँका अनुसार राजमार्गमा भैरहेको काम हेर्दा दुई वर्षभित्र सडक पुनर्निर्माणको काम सकिनेछ। हालसम्म काभ्रेपलाञ्चोकतर्फ ठेक्का लागेको तीन वटा सडकखण्डमा कुल २५ प्रतिशत काम भएको योगेशको भनाइ छ।

विशेषगरी २०८१ असोजमा आएको बाढीपहिरो तथा यस बर्षको वर्षामा थप क्षति पुगेपछि गत मङ्सिरदेखि पक्रिया पु¥याएर स्थायी पुनःनिर्माण थालिएको हो। क्षग्रिस्त चार खण्डमध्ये बाँकी एक खण्ड जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले पुनर्निर्माण गर्ने बर्खेखोलादेखि पिप्लेसम्मको ३ दशमलब २ किलोमिटर सडक निर्माणको काम यसै महिनाभित्र ठेक्का सम्झौता हुने योगेशले जानकारी दिनुभयो। क्षति पु¥याएको विभिन्न स्थानमा 'आरसीसी' पर्खाल लगाउने काम भइरहेको छ भने चौकीडाँडामा खोलाबाट पर्खाल लगाउन तथा चारसयबेँशी र भकुण्डेबेँशीमा पनि 'आरसीसी' पर्खाल लगाउन सुरु गरिएको छ। यस्तै डालाबेँशी, मङ्गलटार खण्ड, चारसयबेँशीदेखि नार्के खण्डमा सडक चौडा बनाउने कामसमेत भइरहेको योगेशले बताउनुभयो। उहाँका अनुसार गतवर्ष र यसवर्षको बाढीले सडक पूर्ण क्षति भएको स्थानमा बाढीले क्षति नगर्ने संरचना निर्माणको डिजाइन गरिएको छ।

राजमार्गको काभ्रेपलाञ्चोक र सिन्धुलीको क्षतिग्रस्त खण्डको आगामी दुई वर्षभित्र पुनर्निर्माणको काम सक्ने लक्ष्य राखिएको छ। कार्यालयका अनुसार क्षतिग्रस्त राजमार्गको पुनर्निर्माणको लागि तीन खण्डमा एकैसाथ काम सुरु गरिएको हो। यसवर्ष क्षतिग्रस्त स्थानमा संरचना निर्माण गर्ने, सडक चौडा गर्नेलगायतको काम सम्पन्न गर्ने र आगामी वर्ष बाँकी रहेका केही स्थानमा संरचना बनाई कालोपत्रे गरी कामलाई तीव्रता दिइएको योगेशले बताउनुभयो। बाढीपहिराले उक्त राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोक र सिन्धुली खण्डको करिब ३० किलोमिटर सडकमा क्षति पु¥याएको थियो।

अबको पुनःनिर्माणमा राजमार्गको स्तरोन्नति गर्दै दुई लेनको सडक निर्माण गरिने भएको हो। "पुनःनिर्माण हुने सडकखण्डमा दुई लेनको सडक बन्नेछ भने यसभित्र रहेका पुलसँगै अर्को पुल निर्माण गरेर पुललाईसमेत दुई लेनको निर्माण गरिनेछ", योगेशले भन्नुभयो। उहाँका अनुसार पाँच वटा पुललाई दुई लेनमा परिणत गर्नेसमेत योजना बनाइएको छ।

डालाबेँसीदेखि चारसयबेँसीसम्म ८ दशमलव ५ किमी सडक पुनःनिर्माणका लागि खानी–एवन–कमलजीत जेभीले रु एक अर्ब ४२ करोड ३७ लाख (भ्याटसहित)मा निर्माण गर्ने गरी ठेक्का पाएको कार्यालयले जनायो। यस्तै चारसयबेँसीदेखि भकुन्डेबेँसीसम्मको ११ दशमलव ८ किमी सडक पुनःनिर्माणका लागि लामा–नवकान्तिपुर जेभीलाई रु एक अर्ब ३३ करोड ५३ लाखमा ठेक्का दिइएको हो। नेपालथोकदेखि बर्खेखोलासम्म ४ दशमलव ९० किमी सडक पुनर्निर्माणका लागि रु ६१ करोड (भ्याटसहित)मा निर्माण गर्ने गरी खरिढुङ्गा–घिसिङ–क्षितिज जेभीसँग ठेक्का सम्झौता गरिएको जनाइएको छ।

क्षतिग्रस्त कूल २९ दशमलव पाँच किमी सडकमध्ये बर्खेखोलादेखि पिप्लेसम्मको ३ दशमलव २ किमी सडकलाई जाइकाले रु २ अर्ब ६३ करोड बराबरको अनुदान उपलब्ध गराउने समझदारीपत्रमा हस्ताक्षर भइसकेको छ। कार्यालयले जाइकाले निर्माण गर्ने सडकखण्डबाहेकका अन्य खण्डमा सरकारले गत असोजअघिनै ठेक्का लगाइसकेको थियो। क्षतिग्रस्त खण्ड पुनःनिर्माणका लागि सरकारले ८ अर्ब ५० करोड रुपैयाँ स्रोत सहमति दिएको हो। यसमध्ये काभ्रेपलाञ्चोकतर्फका तीन सडकखण्डलाई सात अर्ब ५० करोड रुपैयाँ र सिन्धुलीको एक सडकखण्डलाई एक अर्ब रुपैयाँको स्रोत सहमति दिइएको हो। बिस्तृत अनुगमन निरीक्षण गरी पुनः अस्थायी बनाउने काम थालिएको कार्यालयको इन्जिनियर विन्दु अधिकारीले जानकारी दिनुभयो।

गत असोज १७ गते रातिदेखि निरन्तर परेको वर्षाले उक्त राजमार्गको भकुन्डे–नेपालथोक सडकखण्डमा धेरै क्षति पु¥याएको कार्यालयले जनाएको छ। इन्जिनियर अधिकारीका अनुसार बीपी राजमार्गअन्तर्गत उक्त सडकखण्डको १७ स्थानमा रोशी खोलाले क्षति पु¥याएको छ भने राजमागको चौकीडाँडा, बोक्सेकुना, माम्ती, चार सयबेंसी, घुमाउनेलगायतका स्थानमा निकै नै जोखिम रहेको छ। यी स्थानमा अब शून्यबाटै फेरि मर्मत सुरु गरिने अधिकारीको भनाई छ।

कार्यालयका अनुसार हाल एक सय १० किलोमिटर सडकमा यातायात पुनः सञ्चालनमा रहेको र ५० किलोमिटर पुनर्निर्माणको चरणमा रहेको छ। कार्यालयले गतसाल असोजको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गअन्तर्गत २९ किलोमिटर सडकखण्डलाई चार खण्डमा पुनर्निर्माण गर्नेगरी यस वर्ष प्रक्रिया अघि बढाइएको थियो। त्यतिबेलाको बाढीपहिरोले आठ किलोमिटर सडक पुरै बगाएको थियो।

यस्तै क्षतिग्रस्त राजमार्ग स्थायी पुनर्निर्माण गर्दा इन्टरमिडियट लेनबाट कम्तीमा दुई वटा गाडी सहजरुपमा गुड्ने गरी सात मिटर चौडाइको कालोपत्रे भएको र अर्को रोशीखोलामा बाढी आउँदा बाढीले खोल्नसक्ने नदीको सतहभन्दा तलबाट आरसिसी पर्खाल लगाएर सडक निर्माण गरिने जनाइएको छ। कार्यालयले पहिलो चरणमा भकुन्डेदेखि नेपालथोकसम्मको २८ किलोमिटर सडक दुई लेनको बनाउने छ। राजमार्गमा जोखिमका कारण पटकपटक विशेषगरी राति सवारी सञ्चालनमा रोक लगाउँदै आइएको छ। दैनिक करिब तीन हजार सवारीसाधन आवतजावत गर्ने उक्त राजमार्गमा चाडवाडका बखत भने तेब्बर सवारी साधन ओहोरदोहोरनै गर्छन्।

त्यसो त जाइकाको प्राविधिक अध्ययनले बिपी राजमार्गमा १६ टनभन्दा माथिको सवारीसाधन सञ्चालन गर्न रोक लगाएको छ। तर व्यापारीले प्रशासनलाई प्रभावमा पारेर २५ टनसम्मका सवारीसाधन सञ्चालन गर्दै आइरहेका छन्। बिपी राजमार्गमा ट्रिपरले २५ टनसम्म गिट्टी वालुवा लिएर निर्वाध रुपमा सञ्चालन हुने गरेपनि नियम कार्यान्वयन गर्ने निकाय भने प्रायः मुकदर्शक नै बन्ने गरेको पाइन्छ। बिपी राजमार्गको संरचना भत्काउने मुख्य कारकको रुपमा यस सडकमा सञ्चालन हुने टिपर पनि रहेका छन्। दैनिक यस सडकमा छ सयभन्दा बढी टिपर क्षमताभन्दा बढी लोड लिएर सञ्चालन भइरहेका छन्। बेलाबखत प्रहरीले चेकिङ गरे पनि नियमित रुपमा अनुगमन हुन सकिरहेको छैन। यसको फाइदा टिपर व्यवसायीले उठाउँदै आएका छन्। सङ्गठित रुपमा टिपर सञ्चालक र क्रसर व्यवसायीले स्थानीय प्रशासनलाई प्रभाव पार्दै बिपी राजमार्गको संरचनालाई जोखिममा पार्दै आएका पनि छन्।

जिल्ला ट्राफिक प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका अनुसार हाल बिपी राजमार्गमा साना ठूला गरी दैनिक ३ हजारभदा बढी सवारी साधन आवतजावगत गर्ने गरेका छन्। मुग्लिन–नारायणगढ सडकखण्ड अवरुद्ध हुँदा पूर्वबाट आउने अधिकाशं साना सवारी साधन बिपी राजमार्ग हुँदै सञ्चालन हुने गरेका छन्। यस सडकमा ट्रिपर, मिनी बस, टाटासुमो र माइक्रोबस बढी सञ्चालन हुने गरेका छन्। जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३–५४ बाट बिपी राजमार्ग (धुलिखेल–सिन्धुली–बर्दिबास एक सय ६० किमी सडक) निर्माण कार्य सुरु गरिएको थियो। खण्डखण्ड विभाजन गरी निर्माण सम्पन्न राजमार्गको २०७२ असार १८ गते औपचारिक रुपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो। उक्त राजमार्ग केन्द्रीय राजधानी काठमाडौंलाई मध्यपहाडी तथा पूर्वी नेपालसँग जोड्ने छोटो मार्गका रुपमा लिइएको छ।

# खुला आकाशमुनिको 'ट्यूसन' कक्षा !

*सङ्गीता राई/रासस*

**धरान।**
पिपलको छहारीमुनि बिछ्याइएका प्लास्टिकका म्याट र बोरा। पिपलको रुखमा अड्याइएको बोर्डमा लेखिएको छ– 'श्री पिपलबोटे खुला विद्यालय।'

जहाँ नर्सरीदेखि कक्षा ७ सम्म पढ्ने ३०–३५ जना बालबालिका दिनहुँ बिहान ७ बजे किताब, कापी र कलम च्यापेर ट्युसन पढ्न आइपुग्छन्। चन्द्र सर अर्थात् चन्द्र भण्डारीले ती बालबालिकालाई लेखपढमा सहायता गर्नुहुन्छ। उहाँ विद्यालयमा पढ्दा नबुझेका पाठ बुझाउनुहुन्छ। गृहकार्य गर्न सहजीकरण गर्नुहुन्छ। यो दृश्य हो– इटहरीको व्यस्त सडक पूर्वपश्चिम राजमार्ग पर्ने इटहरीस्थित टेङ्ग्रा खोलाको किनार छेवैको गल्ली।

नामजस्तै यस खुला आकाशमुनि पठनपाठन सञ्चालन हुन थालेको तीन दशक बढी भइसकेको छ। पिपलको रुखमुनि निरन्तर सिकाइ गतिविधि सञ्चालन गर्दै आएको हुनाले 'पिपलबोटे खुला विद्यालय' नाम दिइएको छ। तर, यो दर्ता गरिएको औपचारिक विद्यालय वा शैक्षिक केन्द्र भने होइन, भण्डारीको व्यक्तिगत पहल, अदम्य इच्छाशक्ति र समपर्णले गर्दा निरन्तरता पाएको शैक्षिक अभियान हो। उहाँले विपन्न, गरिब तथा सीमान्तकृत समुदायका बालबालिकालाई निःशुल्क शिक्षा प्रदान गर्दै आउनुभएको योगदानस्वरुप छरछिमेकमा सबैले 'चन्द्र सर'को उपमा दिएका छन्।

### सङ्घर्षले सिकाएको सेवा

सुनसरीको छिमेकी जिल्ला धनकुटाको कागते–६ मा बुबा श्रीकान्त भण्डारी र आमा मनमाया भण्डारीको कोखबाट २०२२ सालमा जन्मिनुभएका चन्द्र भण्डारी चार सन्तानमध्ये कान्छा छोरा हुनुहुन्छ। सामान्य परिवारमा जन्मिएर हुर्किनुभएका उहाँले बाल्यकालमै अभाव र सङ्घर्ष झेल्नुभयो। गुजाराको खोजीमा आमाबाट रु ५० खर्च लिएर उहाँ २०४४ सालमा इटहरी झर्नुभएको थियो।

इटहरीमा दाजु आफन्त पर्नेहरूसँग ग्यारेजमा मेसिन बनाउने काम थाल्नुभयो। केही समयपछि एक साथीसँग मिलेर हटिया बजारमा थानको कपडाको व्यापार गर्नुभयो। तर करिब छ महिनामै त्यो व्यापार बन्द भयो। कपडा व्यापारमा सफलता नमिलेपछि बाँसको व्यापारमा लाग्नुभयो। विसं २०५१ देखि उहाँले टेङ्ग्राखोला नजिकै बाँसको व्यापार सुरु गर्नुभएको थियो। धरानको पानमारा, मोरङको केराबारी र धनकुटाबाट त्यसबेला रु २० देखि २३ मा किनिएका बाँस रु २५ मा बिक्री हुने गथ्र्यो, दुई रुपैयाँ नाफा हुन्थ्यो। बाँस खरिद गरेर सुनसरीका विभिन्न स्थान शान्तिझोडा, तरहरा, इटहरीलगायत ठाउँमा बिक्री गर्दै उहाँले आफ्नो व्यवसाय विस्तार गर्नुभयो।

यही क्रममा स्कुल जाने उमेरका बालबालिका बाँसका चाङ वरिपरि धुलोमाटोमा खेल्दै गरेको भण्डारीले देख्नुभयो। 'उनीहरूका बाआमालाई छोराछोरी पढाउनुपर्छ भन्ने चेतना सायदै थियो,' उहाँ सम्झनुहुन्छ, 'मलाई भने गरिबी र अभावले पढाइ अधूरै छाड्नुपरेको बाल्यकालको झल्को आयो।' त्यसपछि उहाँले बालबालिकालाई भेला गरेर पढाउने निधो गर्नुभयो। सुरुमा उहाँले त्यहाँ आउने १० जना बालबालिकालाई भेला गरेर बिहान र बेलुका दुईदेखि तीन घण्टा निःशुल्क ट्यूसन पढाउन सुरु गर्नुभयो। मलाई लाग्थ्यो बालबालिकालाई 'अक्षर चिनाएपछि स्कुल जाने बाटो पक्कै खुल्छ, यही बाँसको व्यापारले जीवनको सबैभन्दा ठूलो उद्देश्य पनि देखायो अनि बालबालिकाको पीडाले खुला विद्यालय पनि जन्मियो,' चन्द्र भन्नुहुन्छ।

### विपन्न परिवारका बालबालिकालाई भरोसा

चन्द्रको यो प्रयास बिस्तारै फैलिँदै गयो। स्थानीय समुदायमा चर्चा बढ्दै जाँदा विद्यार्थी थपिँदै गए। पहिला खोलाकिनारमा सानो कटेजजस्तो टहरो थियो, त्यही टहरोमा बालबालिकालाई राखेर ट्यूसन पढाउने चाँजोपाँजो मिलाइएको थियो। बिहान र बेलुका गरी ४० देखि ५० जना बालबालिका पढ्न आउँथे। तर २०६० सालमा उक्त कटेज भत्किएपछि उहाँले कक्षा खुला आकाशमुनि नै पढाउँदै आउनुभएको छ। भण्डारी सम्झनुहुन्छ, 'कटेज भत्किए पनि बालबालिकामा पढ्ने चाहना थियोे, उनीहरूले घरबाट बोरा ल्याएर भुइँमा बिछ्याएर सिकाइमाग्न थाले।' सुविधा केही थिएन, तर पढ्ने चाहना देखिन्थ्योे,' उहाँ सम्झनुहुन्छ।

बर्खामासको भेलबाढी होस् वा हिउँदको सुक्खा खडेरी, टेङ्ग्राखोलाको धमिलो पानी, बर्खामा आउने बाढी, कहिले सुक्खा यी सबै चुनौतीबीच पनि चन्द्र भण्डारीको ट्यूसन कहिल्यै रोकिएन। न कहिल्यै अवरोधले रोकेको छ, न कहिल्यै उहाँलाई अल्छी नै लागेको छ।

बालबालिकालाई ट्यूसन पढाउन छाड्नुभएन। कोभिड–१९ महामारीका बेला देशभर बन्दाबन्दी चल्दासमेत उहाँले हार भने मान्नु भएन, घरबाटै अनलाइन कक्षा सञ्चालन गर्नुभएको थियो। कोभिड–१९ पछि विद्यार्थी घट्दै गए। अहिले चन्द्रले दैनिक ३० देखि ३५ जना बालबालिकालाई नियमित ट्यूसन पढाउँदै आएको बताउनुभयो।

विपन्न परिवारका बालबालिकाका लागि विद्यालयको शिक्षाको अलवा थप सिक्ने अवसरको केन्द्र बनेको छ। यहाँ आउने अधिकांश बालबालिका मकै पोलेर बेच्ने, बदाम बेच्ने, जुत्ता पालिस गर्ने, रिक्सा चलाउने श्रमिक परिवारका छोराछोरी छन्। मध्यम र उच्च वर्गका केही बालबालिका पनि यहाँ पढ्छन्।

भण्डारी ट्यूसन पढाउनमात्र सीमित हुनुहुन्न। उहाँले जन्मदिनको अवसर पारेर पढ्न आउने बालबालिकालाई कापी, कलम र पुस्तक उपहार दिने गर्नुहुन्छ। कतिपय सहयोगी हातहरू पनि शैक्षिक सामग्री र लत्ताकपडाको सहायता लिएर आइपुग्ने गर्छन्। सिकाइका अतिरिक्त शैक्षिक सामग्री तथा लत्ताकपडा उपहार र सहायताले बालबालिकालाई हौसला थप्ने गरेको छ। भण्डारी बालबालिकालाई सिकाउने व्यवस्थित ठाउँको अभाव खड्किरहेको छ भन्नुहुन्छ, 'घामपानी छल्ने एउटा व्यवस्थित स्थानमा राखेर पढाउन पाए अझ राम्रो हुन्थ्यो।'

### सेवाको कदर

चन्द्र भण्डारीको स्वःस्फुर्त सेवाभावको कदर गर्दै झन्डै हजारौं सङ्घसंस्थाले सम्मान गरेका छन्। झापा दमकको 'पढ्ने घर' संस्थाले २०७१ सालमा पहिलोपटक सम्मान गरेको थियो। त्यसपछि विभिन्न सङ्घसंस्था, विद्यालय र कलेजबाट दर्जनौं सम्मान र अवार्ड प्राप्त गरिसक्नुभएको छ। दीर्घकालीन सेवाको कदर गर्दै भण्डारीलाई प्रतिष्ठित 'युएसए–नेपाल ह्युमानिटेरियन सर्भिस अवार्ड २०१७' प्रदान गरिएको थियो।

विपन्न वर्गका बालबालिकालाई लक्षित गरी निःशुल्क ट्यूसन शिक्षणमार्फत पुर्याएको योगदानको कदर गर्दै २०७२ सालमा इटहरीस्थित सेक्रेड हार्ट इङ्लिस स्कुलको २०औं वार्षिकोत्सवका अवसरमा भण्डारीलाई सम्मान गरेको थियो। यस्तै मानवअधिकार तथा शान्ति समाजले नगदसहित सम्मान गरेको छ। जनता बहुमुखी क्याम्पस इटहरीले पनि उहाँको कार्यलाई उदाहरणीय ठान्दै सम्मानपत्र प्रदान गरिसकेको छ। कोशी प्रदेशकै सबैभन्दा ठूलो मानिने नयन मिडिया फाउन्डेसनद्वारा सञ्चालित प्रदेश खबर डटकमको वार्षिकोत्सवका अवसरमा प्रदान गरिँदै आएको 'कोशी एक्सिलेन्स अवार्ड'बाट २०८१ सालमा उहाँलाई सम्मान गरिएको थियो। त्यसैगरी, कस्तुरी एकेडेमी इटहरीले आफ्नो १८औं वार्षिकोत्सवका अवसरमा उहाँलाई सम्मानपत्र प्रदान गरेको थियो।

भण्डारीका लागि यी सम्मान केवल कागजमा लेखिएका शब्दमात्र होइनन्, ती सबै उहाँप्रतिको समाजको भरोसा र माया हुन्, जसले उहाँलाई अझै अघि बढ्न प्रेरित गरिरहेको छ। भण्डारी भन्नुहुन्छ, 'कर्म गर्नु मेरो कर्तव्य हो, फलको आश गरेको छैन। मैले जीवनमा गर्नुपर्ने यसबाहेक अर्को कुनै उन्नत काम देखेको छैन। मलाई अहिलेसम्म हजारौँहजार सङ्घसंस्थाले सम्मान प्रदान गरेका छन्।' 'ती सम्मानहरूले झन् जिम्मेवारीबोध गराएको छ, जहिलेसम्म सक्छु स्वास्थ्यले साथ दिएसम्म बालबालिकालाई पढाउने, सिकाउने कर्म गरिरहन्छु।' उहाँका लागि यो निःशुल्क शिक्षा दिनु पेसा नभएर जीवनको उद्देश्य र आत्मसन्तुष्टिको स्रोत बनेको छ। यही निःस्वार्थ भावनाले उहाँलाई तीन दशकभन्दा बढी समयदेखि यही एउटै ठाउँमा उभ्याइरहेको छ।

भण्डारी भन्नुहुन्छ, 'दुःखसुख तीन दशकभन्दा बढी समय यसरी नै बिताएँ। म खुसी छु, पढ्न आउने बालबालिका पनि खुसी छन्।' यही खुसीले उहाँलाई हरेक दिन फेरि पिपलको छहारीमुनि उभिन प्रेरित गरिरहेको छ। शैक्षिक र सामाजिक सचेतनाको संवाहकका रूपमा भण्डारी परिचित हुनुहुन्छ। उहाँले पढाउनुभएका विद्यार्थी हाल कोही उच्चशिक्षा र रोजगारीका सिलसिलामा अमेरिका पुगेका छन् भने कोही नेपालमै विभिन्न पेसा, व्यवसायमा संलग्न छन्।

### श्रीमती र छोराहरूको भर

एसएलसीसम्मको मात्र पढाइ पूरा गर्नुभएका भण्डारीले आफूले चाहेजति पढ्न नपाए पनि श्रीमती सावित्री र छोराहरूलाई पढ्ने वातावरण बनाएर आफ्नो रहर पूरा गरिरहनुभएको छ। चन्द्र भण्डारीको खुला विद्यालय र श्रीमती सावित्रीसँगको वैवाहिक जीवनको उमेर बराबरी छ। आफूले उच्च शिक्षा पढ्न नपाएर पनि चन्द्रले श्रीमतीलाई पढ्न प्रेरणा दिनुभयो, हौसला दिनुभयो। विवाह गर्दा एसएलसीमात्र उत्तीर्ण गर्नुभएकी सावित्रीले विवाहपछि नै पढाइलाई निरन्तरता दिँदै स्नातकोत्तर पूरा गर्नुभएको छ। उच्च शिक्षा हासिलसँगै उहाँले अहिले इटहरीकै एक निजी विद्यालयमा पढाउनुहुन्छ। त्यही आम्दानीबाट परिवारले घरको गुजारा गर्दै आएको छ। चन्द्र सावित्रीका छोरा उत्तम र उत्सव अहिले स्नातकोत्तरमा अध्ययनरत हुनुहुन्छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# सहकारी क्षेत्रलाई भरोसायोग्य बनाउन जरुरीः मुख्यमन्त्री आचार्य



**लुम्बिनी ।**
लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सहकारी क्षेत्रलाई भरोसायोग्य बनाउन जरुरी रहेको बताएका छन् ।
६९औँ राष्ट्रिय सहकारी दिवसको अवसरमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले राप्ती उपत्यका (देउखुरी) मा आज आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले नियत खराब राखेर सहकारी संस्था सञ्चालन गरेका केही सहकारीका कारण सहकारी क्षेत्र बदनाम भइरहेको बताए । उनले त्यस्ता सहकारी संस्थालाई नियमन गर्ने काम भइरहेको स्पष्ट पारे ।
'गलत उद्देश्य बोकेर आएका सहकारीका कारण सहकारी क्षेत्र शङ्काको घेराभित्र पर्न गइरहेको छ । बाहिरबाट आएर पैसा कुम्ल्याएर गएका उदाहरणहरू छन्,' मुख्यमन्त्री आचार्यले भने, 'बुटवलमा सुप्रिम सहकारी संस्थामा आबद्ध भएका अहिले अलपत्र परिरहेको अवस्था छ । त्यहाँको पैसा कहाँ गयो ? कसले लग्यो । त्यो सञ्चालन गर्ने सञ्चालकहरू कति भरपर्दा थिए ? हामीले जाँच–पड्ताल गरेनौँ ।' मुख्यमन्त्री आचार्यले सहकारी संस्थाहरु सर्वसाधारण नागरिकको सारथी बनेकामा खुसी व्यक्त गरे । 'सर्वसाधारण जनताको सारथी सहकारी बनेको छ । साहु–महाजनको घरमा ऋणका लागि धाउनुपरेको छैन,' उनले भने, 'साना–तिना व्यवहारहरू सहकारीको माध्यमबाट समाधान भइरहेका छन् ।'
प्रदेशका कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले सहकारी संस्थाहरूको कामप्रति प्रोत्साहन र नियमन दुवै दृष्टिकोणबाट काम अघि बढाएको जानकारी दिए । सहकारी क्षेत्रलाई व्यवस्थित बनाउन प्रदेश र स्थानीय तहमा रहेका सहकारीहरूलाई ध्यानमा राखेर काम भइरहेको उनको भनाइ थियो ।
प्रदेश सरकारका प्रमुख सचिव कृष्णप्रसाद काप्रीले असल अभ्यासलाई सिकाइका रूपमा लिँदै समस्या नआओस् भन्नेतर्फ सचेत हुनुपर्ने बताए । तीन तहका संरचना रहेको र एकीकृत रूपमा काम गर्ने परिपाटीको विकास गर्न जरुरी रहेको उनको धारणा थियो ।
मन्त्रालयका प्रशासन तथा सहकारी विकास महाशाखाका उपसचिव मञ्जु पाण्डेले सहकारी क्षेत्रमा देखिएका समस्या समाधान हुँदै गइरहेका बताइन् । प्रदेश मातहतमा ८ सय ४८ सहकारी संस्था रहेको र ती संस्थाहरूको अनुगमन तथा नियमनको पक्षलाई व्यवस्थित बनाइएको उनले स्पष्ट पारे । आर्थिक वर्ष २०८१–८२ र चालु आर्थिक वर्ष २०८२–८३ को तुलना गर्दा चालु आर्थिक वर्षमा सहकारी संस्था परिचालनको काम प्रभावकारी बनेको उपसचिव पाण्डेले बताइन् ।
प्रदेशका बहुउद्देश्यीय, बचत तथा ऋण र उत्पादन गरी ३३ सहकारी संस्थाका समस्याबारे सहकारी रजिस्ट्रारको कार्यालयमा उजुरी प्राप्त भएका छन् । समस्या समाधानका लागि आठ सहकारीविरुद्ध अदालतमा मुद्दा दायर भई कारबाही अगाडि बढेको छ । दुवै पक्षलाई राखेर छलफल गरी बचत फिर्ताका लागि सात सहकारीसँग सम्झौता गराइएको छ भने १२ सहकारीलाई थप अनुसन्धान तथा कारबाहीका लागि प्रहरीमा पठाइएको छ ।
तीन सहकारी संस्थाको अदालतबाट मुद्दा फैसला भई रकम असुलीको प्रक्रिया अगाडि बढेको छ भने तीन सहकारी संस्थाका सञ्चालक समितिको निवेदनपछि अध्ययन गरी प्रतिवेदन प्राप्त भएको सो अवसरमा जानकारी दिइयो । रासस

# संस्थागत क्षमता विकासमार्फत सेवा प्रवाह सुधारमा प्राथमिकता

**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनाले सरकारी निकाय तथा सार्वजनिक संस्थाको संस्थागत क्षमता विकासमार्फत नागरिकलाई सहज, छरितो र प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्ने विषय सरकारको उच्च प्राथमिकतामा रहेको बताएका छन् ।
सार्वजनिक सेवा प्रशारण, रेडियो नेपालको ७६औँ वार्षिकोत्सवका अवसरमा सञ्चारमन्त्री डा. तिमिल्सिनाले संस्थालाई बलियो, जवाफदेही र परिणाममुखी बनाउने दिशामा मन्त्रालय नयाँ ऊर्जा र गतिका साथ अघि बढिसकेको स्पष्ट गरे ।
उनले भने, 'सरकारका निकायहरू बलिया भए मात्र नागरिकले सहज र गुणस्तरीय सेवा पाउँछन् । त्यसैले के गर्दा संस्था बलियो हुन्छ भन्ने विषयमा मन्त्रालयले नयाँ ढङ्गले काम अघि बढाएको छ । बलियो, जवाफदेही र प्रभावकारी संस्था निर्माणको विकल्प छैन ।'
सञ्चारमन्त्री डा. तिमिल्सिनाले प्रतिनिधिसभा निर्वाचनपछि युवाको काँधमा देश सञ्चालनको जिम्मेवारी आएको उल्लेख गर्दै राजनीतिक र प्रशासनिक संरचनामा देखिएका नकारात्मक प्रवृत्तिलाई परिवर्तन गर्न आवश्यक रहेको बताए । 'राजनीतिक रूपमा हाम्रा संस्थामा नकारात्मकता हावी भएको छ । देशले खोजिरहेको दिशा पहिचान गरेर हामीले त्यसअनुसार परिवर्तन गर्नुपर्छ,' उनले भने, 'राजनीतिक मूल सुध्रियो, अब हरेक संस्था सुध्रिने र हरेक नागरिकले आफ्नो दायित्व पूरा गर्ने बेला आएको छ ।'



जवाफदेहिता र अनुशासनमा कुनै सम्झौता नगर्ने स्पष्ट पार्दै सञ्चारमन्त्री डा. तिमिल्सिनाले भने, 'हामी आफैँ एक इन्च पनि नराम्रो गर्दैनौँ र नराम्रो गर्नेलाई छोड्दैनौँ । जहाँ कमजोरी छ, त्यहाँ कारबाही गर्छौं । सेटिङ गर्नेहरूलाई कानूनी दायरामा ल्याउन मन्त्रालय र सरकारले काम गरिरहेको छ ।'
सरकारी खर्चमा मितव्ययिता अपनाउनुपर्नेमा जोड दिँदै सञ्चारमन्त्री डा. तिमिल्सिनाले अनावश्यक खर्च नियन्त्रण, प्रभावकारी सूचना सम्प्रेषण र सुशासनबीचको सम्बन्धलाई स्पष्ट पारे । साथै, आगामी पाँच वर्षभित्र युवालाई विदेशिनु नपर्ने अवस्था सिर्जना गर्ने लक्ष्यमा नागरिकको समान जिम्मेवारी रहने उनले उल्लेख गरे ।
सञ्चारमन्त्री डा. तिमिल्सिनाले लोकतान्त्रिक व्यवस्थामा सूचना नागरिकको मौलिक अधिकार भएको उल्लेख गर्दै सार्वजनिक सेवा प्रसारण संस्थाहरूले त्यसको रक्षा गर्नुपर्नेमा जोड दिए । बदलिँदो सञ्चार प्रविधि, बजार प्रतिस्पर्धा र दर्शक–श्रोताको बदलिँदो चाहनालाई ध्यानमा राख्दै सार्वजनिक सेवा प्रसारणलाई अझ प्रभावकारी, विश्वसनीय र जनमुखी बनाउनु आवश्यक रहेको उनको भनाइ थियो ।
सञ्चारमन्त्री डा. तिमिल्सिनाले आफ्नो विद्यार्थी जीवन सम्झँदै रेडियो नेपालले आफूलाई साहित्य लेखनतर्फ प्रेरित गरेको उल्लेख गर्दै सार्वजनिक सेवा प्रसारण संस्थाले समाज निर्माणमा दीर्घकालीन प्रभाव पार्ने उल्लेख गरे ।
कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकी सचिव लक्ष्मीकुमारी बस्नेतले रेडियो नेपालले नागरिकको सुसूचित हुन पाउने अधिकार सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेलेको बताइन् । रेडियो नेपालले विश्वसनीय सूचना सम्प्रेषणसँगै भाषा, संस्कृति र पहिचानको प्रवद्र्धनमा योगदान पु¥याउँदै आएको उनको भनाइ थियो ।
सचिव बस्नेतले भनिन्, 'रेडियो नेपालले २६ भाषामा समाचार र २५ भाषामा कार्यक्रम सञ्चालन गर्दै विविधता संरक्षण गरेको छ । प्रविधिमैत्री माध्यममार्फत पुराना गीतसङ्गीतको संरक्षण र प्रवद्र्धनमा यसको महत्वपूर्ण भूमिका छ ।'
सार्वजनिक सेवा प्रशारण नेपालका अध्यक्ष डा. महेन्द्र विष्टले सार्वजनिक सेवा प्रसारणको अवधारणा अनुरूप स्वतन्त्र, निष्पक्ष र जनकेन्द्रित ढङ्गले काम गर्नुपर्ने आवश्यकता औँल्याउँदै नेपालमा यस क्षेत्रको सुधारका लागि ऐनसमेत जारी भइसकेको तथा सोही अनुरुप अघि बढ्रिहेको बताए ।
विसं २००७ चैत २० गते स्थापना भएको रेडियो नेपालले हाल देशको करिब ९४ प्रतिशत जनसङ्ख्यासम्म पुग्ने गरी सेवा विस्तार गरेको छ । प्रजातन्त्र स्थापनाकालदेखि विभिन्न राजनीतिक परिवर्तन, प्राकृतिक प्रकोप तथा विपद्का कठिन समयमा समेत रेडियो नेपालले नागरिकलाई निरन्तर सत्य तथ्य र आधिकारिक सूचना सेवा दिँदै आएको छ । रासस

# रात्रिकालीन बससेवा सञ्चालन गर्दै कामपा

**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाले साझा यातायातसँगको सहकार्यमा आगामी वैशाख १ गतेदेखि रात्रिकालीन बससेवा सञ्चालन गर्नेगरी तयारी थालेको छ ।
ललितपुरको लगनखेल, पाटन अस्पताल, अल्का, नर्भिक, प्रसुति गृह, ट्रमा सेन्टर, वीर अस्पताल, कान्ति अस्पताल, टिचिङ अस्पताल, गङ्गालाल हृदय केन्द्र हुँदै बुढानीलकण्ठसम्म एउटा रुट हुनेछ । उत्तरदक्षिणतर्फ पर्ने यो १६ किलोमिटरको एकतर्फी रुट हुने कामपाले जनाएको छ ।
थानकोटबाट सतुङ्गल, कलङ्की, कालीमाटी, त्रिपुरेश्वर, थापाथली,माइतीघर मण्डला, बानेश्वर, मीनभवन, तीनकुने हुँदै अन्तरराष्ट्रिय विमानस्थलसम्म पूर्वपश्चिम दिशाको एकतर्फी दूरी २० किलोमिटरको हो । यी दुई रुटमा चार वटा रात्रिकालीन विद्युतीय बस सञ्चालन हुने कामपाले जानकारी दिएको छ ।
'बेलुका ८ः०० बजेपछि सार्वजनिक यातायात सञ्चालन नहुँदा महँगोमा यात्रा गर्नुपर्ने समस्याको समाधान गर्न जरुरी भएकाले रात्रिकालीन सार्वजनिक यातायात सेवा सुरु गर्न लागेका हौँ,' कामपाकी कार्यवाहक प्रमुख सुनिता डङ्गोल भनिन्, 'सार्वजनिक यातायात र यसको विकल्प नहुँदा सबैलाई समस्या परेकामा यसको केही हदसम्म समाधान हुने विश्वास छ ।' उनले यसअघि रातिको समयमा किशोरी र महिलाले दुर्व्यवहार भोग्नुका साथै विद्यार्थीलाई आर्थिक रूपमा पनि खर्चिलो हुने गरेकामा केही सहज हुने विश्वास व्यक्त गरिन् ।
सेवालाई अत्याधुनिक, एकीकृत, सहज, सुरक्षित, भरपर्दो दिगो प्रणालीमैत्री बनाउने लक्ष्यसहित कामपाले तयारी गरिरहेको डङ्गोलले जानकारी दिइन् । यो लक्ष्य पूरा गर्न साझेदारहरूसँग सहकार्य गर्न महानगर तयार रहेको उनले बताए ।
सेवा प्रारम्भ गर्दा साँझ ८ बजेदेखि राति ११ बजेसम्म बस सञ्चालन हुनेछन् । तोकिएको रुटका बसस्टपबाट हरेक २० मिनेटको अन्तरमा बस आउनेछन् । बसमा सिसिटिभी क्यामरा जडान हुनेछन् भने सुरक्षाका लागि नगरप्रहरी खटिनेछन् । रासस

# 'इनरुवाको नालीबेली (इतिहास)' विमोचित



**सुनसरी ।**
इनरुवाको इतिहास समेटिएको 'इनरुवाको नालीबेली' पुस्तक विमोचन गरिएको छ ।
इनरुवा–२ स्थित सत्यनारायण मन्दिरमा आयोजित कार्यक्रममा नगरप्रमुख केदार भण्डारीसहितको सहभागितामा पुस्तकको विमोचन गरिएको पुस्तकका सहयोगी लेखक प्रज्वल काफ्लेले जानकारी दिए ।
लेखक देवीप्रसाद खतिवडाद्धारा लिखित पुस्तकमा इनरुवाको राजनीतिक, आर्थिक, सामाजिक, खेलकुद, शिक्षा तथा स्वास्थ्यलगायत विभिन्न क्षेत्रको इतिहास समेटिएको छ ।
इनरुवाका ९२ वर्षीय लेखक खतिवडाले लामो समयको अध्ययन र अनुसन्धानपछि पुस्तक तयार परिएको बताए । उनले जेन्जी युवा प्रज्वल काफ्लेले पुस्तक लेखन तथा सामग्री सङ्कलनको कार्यमा सहयोग पु¥याएको भन्दै धन्यवाद ज्ञापन गरे । इनरुवाको इतिहास, विकासक्रम तथा विभिन्न सामाजिक गतिविधिका साथै यहाँको झोडा फडानीदेखि हालसम्मको अवस्था पुस्तकमा समावेश गरिएको लेखक खतिवडाले बताए । इनरुवा नगरपालिकाको सहयोगमा पुस्तक प्रकाशन गरिएको हो । रासस

# गरिब र निमुखाका लागि सहकारीः मुख्यमन्त्री बानियाँ

**चितवन ।**
बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले सहकारीलाई उत्थान गर्न सके समाजमा रहेको गरिबी उन्मूलन गर्न सकिने बताएका छन् । ६९औँ सहकारी दिवस समारोहलाई सम्बोधन गर्दै उनले सहकारीले समाजमा रहेका दुःखी, गरिबको साहरा बनेर काम गरेको र अझै गर्नुपर्ने बताए ।
उनले भने, 'सहकारी बलियो बन्यो भनेमात्र देशको अर्थतन्त्र बलियो बन्दै दुःखी गरिबको साहारा बन्ने छ ।' जिल्ला सहकारी सङ्घले आयोजना गरेको सो कार्यक्रममा उनले आगामी दिनमा सहकारीलाई प्रभावकारी बनाउँदै जनताप्रति उत्तरदायी बनाउन आवश्यक रहेको बताए । नेपालमा पहिलोपटक सहकारी स्थापना गरी देशको समृद्धिको यात्रा सुरु गरेको चितवनले अझै यसलाई बलियो बनाउन आवश्यक रहेको उनको भनाइ थियो ।
कार्यक्रममा बागमती प्रदेशकी सहकारी तथा गरिबी निवारणमन्त्री बिनु रायमाझी पौडेलले सहकारी बलियो भयो भनेमात्र देशको समृद्धि हुने बताइन् । समाजको विकासका लागि सहकारी आवश्यक छ । चितवनलाई सहकारीको उद्गम थलोका रूपमा विकास गर्दै अझै सशक्त बनाउन आवश्यक रहेको उनले बताइन् ।
भरतपुर महानगरपालिकाका कार्यवाहक नगरप्रमुख चित्रसेन अधिकारीले समाजको आर्थिक मेरुदण्डका रूपमा सहकारी अघि बढेको बताए ।
बखानसिंह गुरुङको सोच अहिले देशभरि फैलिएको भन्दै यसलाई प्रभावकारी बनाउन आवश्यक रहेको उनको भनाइ थियो । सहकारी सङ्घ चितवनका अध्यक्ष शरदकुमार बर्तौलाले सहकारी संस्थाहरू कमजोर बन्न नदिनका लागि तीनै तहका सरकारहरू एक भएर लाग्न आवश्यक रहेको बताए ।
चितवनलाई सहकारीको जननिका रूपमा लिइँदै आइएको छ । कार्यक्रमअघि दिवसका अवसरमा प्रभातफेरी पनि गरिएको थियो । रासस

# औषधि पसल र थोक बिक्रेतालाई मापदण्ड पालना गर्न निर्देशन

**काठमाडौँ ।**
औषधि व्यवस्था विभागले औषधि बिक्रीवितरण तथा भण्डारणलाई व्यवस्थित, सुरक्षित र गुणस्तरीय बनाउन 'कुशल फार्मेसी अभ्यास' तथा 'कुशल भण्डारण तथा वितरण अभ्यास' अनिवार्य रूपमा पालना गर्न आग्रह गरेको छ ।
शुक्रबार सूचना जारी गर्दै विभागले औषधि बिक्री–वितरण संहिता, २०८० कार्यान्वयनमा रहेको जानकारी दिँदै नयाँ थोक तथा खुद्रा पसलका हकमा तोकिएका मापदण्डअनुसार पूर्वतयारी पूरा गरी प्रमाणीकरणका लागि आवेदन दिनुपर्ने जनाएको छ ।
नयाँ दर्ता हुने फार्मेसी तथा थोक पसलले संहितामा उल्लेखित सबै मापदण्ड पूरा गरेपछि मात्र दर्ता प्रक्रिया अघि बढ्ने विभागले स्पष्ट पारेको छ । साथै, पहिले नै सञ्चालनमा रहेका पसलहरूले क्रमशः सबै मापदण्ड पालना गर्नुपर्ने उल्लेख गरिएको छ ।
विभागका अनुसार संहिताको पालना नगरेमा औषधि ऐन, २०३५ तथा प्रचलित कानूनअनुसार कारबाही गरिनेछ । रासस

# सभामुखमा रास्वपाका अर्यालको मात्रै उम्मेदवारी

**काठमाडौँ ।**
प्रतिनिधिसभा, सभामुखको निर्वाचन कार्यक्रमअन्तर्गत तोकिएको समयभित्र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति डोलप्रसाद अर्यालको मात्र सभामुखमा उम्मेदवारी परेको छ ।
सङ्घीय संसद् सचिवालयले तर्जुमा गरेको कार्यतालिकाअनुसार शुक्रबार बिहान ११ बजेदेखि २ बजेसम्म संसद् सचिवालय, सिंहदरबारमा उम्मेदवारी दर्ता गर्ने कार्यक्रम रहेकामा यो अवधिमा अर्यालको मात्रै सूचना दर्ता भएको हो ।
अर्यालको प्रस्तावकमा रास्वपाका सभापति रवि लामिछाने र समर्थकमा सोही दलका सांसदहरू सोबिता गौतम, डा. स्वर्णिम वाग्ले र सुनील लम्साल रहेका छन् ।
कार्यतालिकाबमोजिम सचिवालयले तोकिएको समयमा दर्ता भएका एकमात्र उम्मेदवारको सूचना प्रकाशन गरेको छ । दर्ता भएका प्रस्तावका सूचनालाई चैत २२ गते हुने प्रतिनिधिसभाको बैठकमा निर्णयार्थ प्रस्तुत गर्ने कार्यक्रम छ । एकमात्र उम्मेदवारी परेकाले अर्याल निर्विरोध निर्वाचित हुने निश्चित भएको छ । रासस

# नयाँ शैक्षिकसत्र सुरु भएपछि मात्र भर्ना लिन आदेश

**काठमाडौँ ।**
सर्वोच्च अदालतले शैक्षिकसत्र सुरु भएपछि मात्रै विद्यालयहरुमा नयाँ भर्ना लिन अन्तरिम आदेश दिएको छ ।
विद्यार्थीको वार्षिक परीक्षाको परीक्षाफल प्रकाशित नभएको र शैक्षिक सत्र सुरु नभएको तथा शिक्षा नियमावली, २०५९ को नियम ७८ (१) (ग) बमोजिम लब्धाङ्कपत्र लगायत आवश्यक सक्कल प्रमाणपत्रसमेत प्राप्त नभएको अवस्थामा विद्यालयहरूले भर्नाको सूचना प्रकाशन नगर्न आदेश दिइएको हो । न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले शिक्षा नियमावली, २०५९ अनुसार शैक्षिक सुरु भएपछि विद्यार्थी भर्ना प्रक्रिया सञ्चालन गर्नुपर्ने आदेश दिएको हो । हरेक वर्ष वैशाख २ गतेदखि नयाँ शैक्षिक सत्र सुरु हुन्छ ।
आदेशमा परीक्षा नतिजा, शैक्षिक सत्र र आवश्यक प्रमाणपत्रबीच समन्वय कायम गर्नुपर्ने उल्लेख गरिएको छ । अदालतले सम्बन्धित निकायलाई प्रचलित कानूनअनुसार कार्य गर्न निर्देशन दिँदै विपक्षीलाई १५ दिनभित्र लिखित जवाफ पेस गर्न आदेश दिएको छ ।
नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरद्वारा यही चैत ५ गते प्रकाशित सूचनामा वार्षिक परीक्षा सम्पन्न गरी नतिजा प्रकाशन पश्चात नयाँ शैक्षिक सत्र २०८३ सुरु भएपछि मात्रै भर्ना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिइएको थियो । तर, उक्त निर्देशनविपरीत हालै विभिन्न छापा तथा विद्युतीय सञ्चार माध्यममार्फत विद्यार्थी भर्नाका सूचना प्रकाशित भएको पाइएको अदालतको आदेशमा उल्लेख छ । रासस

# किसानलाई गहुँबाली भिल्याउने चटारो



**कैलाली ।**
कैलालीका किसानलाई यतिबेला गहुँबाली भिल्याउन चटारो छ । अचेल गहुँ, मसुरोलगायत बाली भिल्याउन यहाँका खेतबारी कृषकहरू व्यस्त देखिन्छन् । धनगढी उपमहानगरपालिका–३ बोराडाँडीका कृषक करमदास चौधरी पनि अरु किसानजस्तै गहुँबाली भिल्याउन व्यस्त छन् । उनले भने, 'घरको सबै काम छोडेर खेतमै बढी समय बित्ने गरेको छ । अचेल बिहान सबेरै उठेर खेतमा जाने र झिसमिसे अध्याँरोमा फर्किने दिनचर्या नै बनेको छ ।' केही दिनदेखि गर्मी बढ्दै गएको र मौसम एकनास नरहेकाले वर्षा हुनसक्ने भन्दै गहुँबाली भिल्याउनका लागि आफूजस्तै किसानको अधिकांश समय खेतबारी मै बित्ने गरेको चौधरीको भनाइ छ ।
स्थानीय कृषक हरिराम चौधरीले गहुँ काटेर अब दाइँ गर्ने तयारीमा रहेको बताए । 'केही दिनदेखि मौसम फेरबदल भइरहेको छ, कतिबेला बादल लाग्छ त कतिबेला हावाहुरी चलेर पानी आउँला झैं हुन्छ । त्यसैले पनि गहुँबाली छिटो भिल्याउने चटारो छ,' उनले भने ।
पछिल्लो समय कृषिमा आधुनिकीकरणसँगै आधुनिक उपकरणहरू प्रयोग गर्दा गहुँ दाइँ गर्न केही सहज भइरहेको किसानले बताउने गरेका छन् । कतिपय किसानले भने एकअर्कासँग पालोपैंचो तथा पर्मा गर्दै गहुँ काट्ने र 'थ्रिसर' लगाएर भिल्याउने गर्ने गरेका छन् ।
वर्षभरिको अन्न मात्रै होइन, बाँकी रहेको गहुँ तथा दलहन बेचेर घर खर्चको जोहो गर्ने समय पनि भएकाले किसानहरू त्यसैमा लागिरहेका छन् । यसवर्ष यहाँका किसानहरूले विजय, गौतम, धौलागिरीलगायत विभिन्न जातका गहुँ लगाएका छन् । रासस

# व्यापार मेलाबाट आत्मनिर्भर बन्न मद्दत पुग्छः उपराष्ट्रपति




**ललितपुर ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादवले महिला उद्यमी व्यापार मेलाबाट आत्मनिर्भर बन्न मद्दत पुग्ने बताएका छन् ।
महिला उद्यमीहरुको उत्पादनलाई बिक्री प्रवर्द्धन तथा बजारीकरणमा सहयोग पुऱ्याउने उद्देश्यका साथ महिला उद्यमी महासङ्घ नेपालद्वारा ललितपुरको झम्सिखेलमा आयोजित ९औँ अन्तरराष्ट्रिय महिला उद्यमी व्यापार मेलाको उद्घाटन गर्दै उपराष्ट्रपति यादवले महिला उद्यमीहरू आत्मनिर्भर, समावेशी र दीगो समाज निर्माणतर्फको प्रेरक शक्ति भएको बताए ।
'महिला उद्यमशिलताले व्यक्तिगत आर्थिक सशक्तिकरण मात्र नभई सामाजिक रुपान्तरण र राष्ट्रिय विकासको सम्वाहक भूमिका निर्वाह गर्छ, महिलाले उद्यममार्फत आफ्नो क्षमता प्रदर्शन गर्दा परिवार, समाज र राष्ट्रको समग्र विकासमा योगदान पुग्छ, महिला उद्यमीहरुको उत्पादनले आयात प्रतिस्थापन गर्नुका साथै निर्यातलाई प्रोत्साहन गर्दछ, यसबाट रोजगारी सिर्जना गर्ने, स्थानीय स्रोतसाधनको सदुपयोग गर्ने र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा टेवा पुग्छ,' उनले भने ।
उपराष्ट्रपति यादवले व्यापार मेलाबाट जिल्लास्तरका महिला उद्यमीलाई प्रोत्साहन गर्न, उनीहरुको उत्पादनलाई बजारसम्म पु-याउन र राष्ट्रिय अर्थतन्त्रलाई मजबुत बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे ।
उद्यमशिलताले महिलालाई आर्थिक गतिविधिमा सहभागी गराउँदा समाजलाई समावेशी बनाउने उल्लेख गर्दै उनले स्थानीय स्रोत र सीपमा आधारित उत्पादनले वातावरणमैत्री तथा दीगो विकासलाई प्रोत्साहन गर्ने बताए ।
महासङ्घका अध्यक्ष दर्शना श्रेष्ठले मेलाले महिला उद्यमशीलताको राष्ट्रिय अभियानलाई सहयोग पुर्याउने जानकारी गराए । महिला उद्यमी महासङ्घमा हाल पाँच हजार ७ सय भन्दा बढी महिला आबद्ध रहेका उनले जानकारी दिए । मेला तीन दिनसम्म चल्नेछ । रासस

# तीन जिल्लामा बर्ड फ्लू सङ्क्रमणः ८५ हजार कुखुरा नष्ट



**झापा ।**
बर्ड फ्लूको समस्या देखिएपछि कोशी प्रदेशका तीन जिल्लामा करिब ८५ हजार कुखुरा नष्ट गरिएको छ ।
पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय विराटनगरका वरिष्ठ पशु विकास अधिकृत डा. गङ्गाराम यादवका अनुसार बर्ड फ्लू (एच ५एन १) को सङ्क्रमण पुष्टि भएका तीन जिल्लाका २२ व्यावसायिक फार्ममा कुखुरा नष्ट गरिएको हो । प्रदेशका १४ जिल्लामध्ये झापा, मोरङ र सुनसरीमा बर्ड फ्लूको सङ्क्रमण फैलिएको छ ।
वरिष्ठ पशु विकास अधिकृत डा. यादवका अनुसार मोरङका आठ, झापाका दुई र सुनसरीका १२ फार्ममा बर्ड फ्लूको सङ्क्रमण देखिएको हो । सत्तरी हजार लेयर्स, सात हजार बोइलर प्यारेन्ट, एक हजार बोइलर, चार हजार चल्ला र दुई हजार ३२५ स्थानीय जातका कुखुरा नष्ट गरिएको छ । कुखुरासँगै ५७ हाँस, दुई लाख २७ हजार अण्डा र २८ हजार किलो दाना नष्ट गरिएको उनले बताए ।
सङ्क्रमण थप फैलिन नदिन निर्देशनालयले फार्म वरपरको क्षेत्रमा उच्च सतर्कता अपनाउँदै पंक्षीजन्य वस्तुको आयात निर्यातमा रोक लगाएको वरिष्ठ पशु विकास अधिकृत डा. यादवले बताए ।
विभागले सङ्क्रमित क्षेत्रबाट पंक्षी तथा पंक्षीजन्य वस्तुको ओसारपसारमा पूर्ण रोक लगाउँदै अन्य जिल्लामा निगरानी बढाएको छ ।
एच ५ एन १ भाइरस पंछीबाट मानिसमा सर्न सक्ने जोखिम रहेकाले यसप्रति सजग रहन निर्देशनालयले आग्रह गरेको छ । रासस

# नेपाली क्लाइम्बिङ टोली चीन जाने

**काठमाडौं ।**
जापानमा हुने २०औँ एसियाली खेलकुदको छनोट प्रतियोगिता तथा विश्व च्याम्पियनसिपमा सहभागी हुन नेपाली क्लाइम्बिङ टोली आइतबार चीन जाने भएको छ ।
प्रतियोगितामा पुरुषतर्फमा तेन्जिङ बर्टिन राई र रोनक उप्रेती तथा महिलातर्फ स्वस्तिका चौधरीले सहभागिता जनाउने छन् । एसियाली क्लाइम्बिङ च्याम्पियनसिप चीनको सिमानमा यही २५ देखि २९ गतेसम्म हुँदैछ । नेपालले बाउल्डर र लिड स्पर्धामा भाग लिने छ ।
एसियाली खेलकुदमा स्थान बनाउन शीर्ष १६ स्थानमा पर्नुपर्ने नेपाल क्लाम्बिङ स्पोर्टस् एशोसिएशनका महासचिव सन्तोष मादेनले बताए । विश्व क्लाम्बिङ सिरिज मे १ देखि ३ तारिखसम्म चीनको केकियाओमा हुँदैछ । प्रतियोगितामा बाउल्डर विधा मात्र समावेश छ । दुवै प्रतियोगिताको बीचको अवधिमा खेलाडीलाई प्रशिक्षणमा सहभागी गराइएको उनले बताए ।
टोलीलाई सफलताको शुभकामना दिँदै राष्ट्रिय खेलकुद परिषद्का सदस्य–सचिव रामचरित मेहताले आज एक कार्यक्रमबीच बिदाइ गरे । रासस

# पशु बधशाला र मासु जाँच ऐन तीन सहरमा मात्र लागू

**काठमाडौं ।**
पशु बधशाला र मासु जाँच ऐन, २०५५ बनेको २७ वर्ष भइसक्दा पनि तीन सहरमा मात्र लागू भएको छ । तीन सहरमा पनि ऐन बनेको १० वर्षपछि मात्र लागू भएको हो ।
यो ऐन २०६५ जेठ १५ गतेदेखि मात्र लागू भएको हो । ऐनको दफा २ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा मात्र ऐन लागू हुने उल्लेख छ ।
यो व्यवस्था अनुसार हालसम्म यो ऐन हेटौँडा, बुटवल र सुर्खेतमा मात्र लागू भएको भेटेरिनरी गुणस्तर तथा औषधि नियमन प्रयोगशालाका प्रमुख पशु चिकित्सक सुजन रानाले राससलाई जानकारी दिए । यो ऐन देशका सबै सहरमा लागू नहुँदा जनस्वास्थ्यमा यसको प्रभाव परेको पनि उनले बताए ।
ऐनमा कार्यान्वयन गर्ने निकाय नरहेको र पशु सेवा विभागमा पनि ऐन कार्यान्वयनको एकाई गठन नभएकाले यस्तो अवस्था आएको प्रमुख पशु चिकित्सक रानाले बताए । ऐन लागू नहुँदा खाद्य स्वच्छतामा प्रभाव पर्ने गरे पनि कार्यान्वयनमा सम्बन्धित निकायको ध्यान जान सकेको छैन ।
हाल मासु जाँच गर्न सक्ने प्राविधिक कर्मचारी पर्याप्त नभएकाले यसले जनस्वास्थ्यमा गम्भीर प्रभाव पार्न सक्नेतर्फ सरोकार भएका निकायका ध्यान जानुपर्ने प्रमुख पशु चिकित्सक राना बताउँछन् । रासस

# मानव फेरि चन्द्रतर्फ, नयाँ इतिहास सुरु



**अमेरिका ।**
करिब पाँच दशकपछि मानवयुक्त अन्तरिक्ष यात्रा पृथ्वीको कक्षाभन्दा बाहिर निस्कँदै चन्द्रमातर्फ अग्रसर भएको छ । नासाको आर्टेमिस द्वितीय मिसनअन्तर्गतका अन्तरिक्ष यात्रीहरुले एक दिन पृथ्वी वरिपरि परिक्रमा गरेपछि इन्जिन प्रज्वलन गर्दै चन्द्र यात्राको ऐतिहासिक चरण सुरु गरेका छन् ।
लिफ्टअफ भएको झण्डै २५ घण्टापछि गरिएको 'ट्रान्सलुनर इग्निसन' सफलतापूर्वक सम्पन्न भएसँगै तीन अमेरिकी र एक क्यानाडाली अन्तरिक्ष यात्री बोकेको ओरियन क्याप्सुल पृथ्वीको कक्षाबाट बाहिर निस्केर करिब दुई लाख ५० हजार माइल (चार लाख किलोमिटर) टाढा रहेको चन्द्रमातर्फ अग्रसर भएको छ । नासाका अधिकारी लोरी ग्लेजले सन् १९७२ मा अपोलो १७ पछि पहिलो पटक मानिसहरुले पृथ्वीको कक्षा छोडेको घोषणा गरे ।
इन्जिन प्रज्वलन पूर्ण रुपमा सफलतापूर्वक सम्पन्न भएको जनाउँदै क्यानाडाली अन्तरिक्ष यात्री जेरेमी ह्यानसेनले पृथ्वीबाट टाढिँदै गर्दा देखिएको दृश्यलाई 'अभूतपूर्व' बताए । उनका अनुसार चालक दलका सदस्यहरू झ्यालमै टाँसिएर पृथ्वीलाई टाढिँदै गरेको हेर्दा भावुक बनेका थिए ।नासाले सुरक्षाको दृष्टिले चन्द्र यात्राअघि एक दिन पृथ्वी नजिकै राखेर क्याप्सुलको जीवन–समर्थन प्रणाली परीक्षण गरेको थियो । त्यसपछि मात्र चन्द्रतर्फको पूर्ण यात्रा अनुमति दिइएको हो । यो परीक्षणलाई उडान नासाको दीर्घकालीन चन्द्र योजना—स्थायी आधार स्थापना र भविष्यमा निरन्तर मानव उपस्थितिका लागि महत्त्वपूर्ण आधार मानिएको छ ।
कमान्डर रिड वाइजम्यान, पाइलट भिक्टर ग्लोभर, क्रिस्टिना कोच र ह्यानसेनले चन्द्रमाको नजिक पुगेर त्यसभन्दा पारि घुमेर पुनः पृथ्वी फर्कने योजना बनाइएको छ । यस क्रममा उनहरुले सन् १९७० को अपोलो १३ ले बनाएको दुरीको कीर्तिमान तोड्ने अपेक्षा गरिएको छ । साथै, अप्रिल १० मा पृथ्वीमा फर्किँदा सबैभन्दा तीव्र गतिमा पुनः प्रवेश गर्ने सम्भावना पनि छ ।
यो मिसनले इतिहासमा नयाँ आयाम थपिसकेको छ । ग्लोभर, कोच र ह्यानसेन क्रमशः पहिलो अश्वेत, पहिलो महिला र पहिलो गैर–अमेरिकी अन्तरिक्ष यात्रीका रुपमा चन्द्र यात्रामा सहभागी हुनुभएको हो । यसअघि अपोलो कार्यक्रमअन्तर्गत चन्द्रमा पुगेका २४ जना सबै श्वेत पुरुष थिए ।
ग्लोभरले पृथ्वीलाई अन्तरिक्षबाट हेर्दा सम्पूर्ण मानवता एउटै देखिने उल्लेख गर्दै मानव एकताको सन्देश दिए । 'हामी सबै एउटै प्रजाति हौँ,' उनले भने ।
मिसनको महत्त्वपूर्ण क्षणअघि अन्तरिक्ष यात्रीहरुलाई उत्साहित बनाउन सङ्गीतमार्फत जगाइएको थियो । त्यसपछि अन्तिम अनुमति दिँदै उनहरुलाई 'मानवताको चन्द्र फर्कने यात्रा' को हिस्सा भएको बताइएको थियो । क्याप्सुलले पृथ्वी र चन्द्रमाको गुरुत्वाकर्षण प्रयोग गर्दै 'फ्रि–रिटर्न' मार्गमा यात्रा गरिरहेको छ, जसमा इन्जिनले २४ हजार माइल प्रतिघण्टाभन्दा बढी गति दिएको छ ।
कमान्डर वाइजम्यानले यो यात्रा असाधारण र चुनौतीपूर्ण भएको उल्लेख गर्दै यसको गम्भीरता अहिले मात्र महसुस भइरहेको बताए । उडान निर्देशक जुड फ्रिलिङले पनि यसलाई जीवनमा एकपटक मात्र आउने अवसरका रुपमा व्याख्या गरे ।
अर्को महत्त्वपूर्ण चरण सोमबार चन्द्रमाको नजिक पुग्दा हुनेछ । ओरियन क्याप्सुल चन्द्रमाबाट करिब चार हजार माइल (छ हजार चार सय किलोमिटर) नजिक पुगेर त्यसको टाढाको भागको दुर्लभ दृश्य अवलोकन गर्नेछ । साथै, अन्तरिक्ष यात्रीहरुले पूर्ण सूर्यग्रहणसमेत देख्न पाउनेछन् ।
यसअघि पृथ्वीको कक्षामा रहँदा उनहरुले महादेशहरु, समुद्री किनार र दक्षिण ध्रुवसम्मको दृश्य स्पष्ट रुपमा अवलोकन गर्नुभएको थियो । कोचले ती दृश्यहरुलाई अत्यन्त प्रभावशाली बताए ।
नासाले यो मिसनलाई सन् २०२८ मा मानवलाई चन्द्रमामा अवतरण गराउने दीर्घ योजनाअन्तर्गत महत्त्वपूर्ण परीक्षणका रुपमा लिएको छ । यद्यपि, उडानका क्रममा केही प्राविधिक चुनौतीहरु पनि देखिएका छन् ।
ओरियन क्याप्सुलको शौचालयमा समस्या देखिएपछि अन्तरिक्ष यात्रीहरुले वैकल्पिक उपाय अपनाएका थिए । साथै, पानी आपूर्ति प्रणालीमा सम्भावित समस्या समाधान गर्न पिसाब भण्डारण झोलाहरुलाई पानी भण्डारणका रुपमा प्रयोग गरिएको छ । अन्तरिक्ष यात्रीहरुले चन्द्रमातर्फको यात्राअघि सात लिटरभन्दा बढी पानी सुरक्षित राख्न सफल भएका छन् ।
यी साना चुनौतीबीच पनि आर्टेमिस द्वितीयले मानव अन्तरिक्ष यात्राको नयाँ अध्याय सुरु गरेको छ, जसले चन्द्रमामा पुनः मानव उपस्थिति मात्र नभइ, भविष्यका गहिरा अन्तरिक्ष अभियानका लागि पनि मार्ग प्रशस्त गर्ने अपेक्षा गरिएको छ । एपी

# मैत्रीपूर्ण खेलमा सेनाको टोली विजयी



**काठमाडौं ।**
सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालय (डिपिआर) टोली र रक्षा समाचारदाताबीच आज सम्पन्न मैत्रीपूर्ण फुटबल खेलमा सेनाको टोली विजयी भएको छ ।
सैनिक मुख्यालय जङ्गीअड्डा परिसरको खेल मैदानमा भएको खेलमा सेनाको टोली ४–१ गोल अन्तरले विजयी भयो ।
निर्देशनालयका तर्फबाट सेनानी विजय पाण्डेले दुई तथा प्रमुख सेनानी उपन कार्की र प्राविधिक जमदार वसन्त ओलीले एक–एक गोल गरे । रक्षा समाचारदाताको टोलीबाट दिपेश केसीले सान्त्वना गोल गरे । उक्त खेलमा निर्देशनालयको टोली कप्तान सहायकरथी राजाराम बस्नेत र सञ्चारकर्मीका तर्फबाट कप्तान दीपक रिजाल रहेका थिए ।
प्रतियोगितामा सेनाको टोली हरियो रङ र सञ्चारकर्मीको टोली निलो जर्सीमा मैदानमा उत्रिएको थियो । सैनिक तालिम महानिर्देशक एवम् उपरथी प्रेम पुनले रेफ्रीलाई फुटबल हस्तान्तरण गरी खेल शुभारम्भ गरेका थिए । सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालय स्थापना दिवसका अवसरमा सो खेल आयोजना गरिएको हो । निर्देशनालयको २०५८ चैत २० गते स्थापना भएको हो । निर्देशनालयले सैनिक र सञ्चारकर्मी बीचको सम्बन्ध थप प्रगाढ तुल्याउने उद्देश्यले यस्ता प्रतियोगिता आयोजना गर्दै आएको छ । रासस

# पाकिस्तानमा भारी वर्षा र बाढीले १५ जनाको मृत्यु

**पाकिस्तान ।**
पाकिस्तानको बलोचिस्तान प्रान्त र दक्षिणी बन्दरगाह शहर कराचीमा पछिल्ला २४ घण्टामा भारी वर्षा, तिव्र हावा र चट्याङसहितको तुफानले ठूलो क्षति पुऱ्याएको छ । यसमा कम्तीमा १५ जनाको मृत्यु भएको छ भने घर, सडक, बाली र पशुपन्छीमा व्यापक क्षति पुगेको छ ।
बलोचिस्तानमा दर्जनौं जिल्लामा परेको भारी वर्षाका कारण आठ जनाको मृत्यु भएको र धेरै मानिस घाइते भएका छन् । प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरणका अनुसार घर र पूर्वाधार क्षति भएको छ भने उभिएका बाली र पशुपन्छी नष्ट भएका छन् ।
कराचीमा पनि अव्यवस्थित भारी वर्षाका क्रममा बिजुली लाग्नु र पर्खाल ढल्किनुका कारण सात जनाको मृत्यु भएको छ ।
स्थानीय प्रशासनले सडकमा पानी जम्ने समस्या नियन्त्रण गर्न र यातायात सुचारु राख्न उपायहरु लागू गरेको छ । कराचीका कमिश्नर सैयद हसन नक्वीका अनुसार, अपेक्षित वर्षालाई ध्यानमा राखेर शहरभर आपतकालीन शिविर स्थापना गरिएको छ र प्रशासन उच्च सतर्कतामा रहेको छ, ताकि समयमै प्रतिक्रिया दिइन र नागरिकलाई सहयोग पुऱ्याउन सकियोस् ।
पाकिस्तान मौसम विभागले ४ अप्रिलसम्म देशका विभिन्न भागमा भारी वर्षा र चट्याङ आउने चेतावनी दिएको छ । यसका कारण बाढी, पहिरो र बालीमा थप क्षति पुग्ने सम्भावना छ । सिन्ह्वा

# वैदेशिक रोजगारीमा ७३ लाख बढी ठगी गर्ने पक्राउ

**काठमाडौँ ।**
वैदेशिक रोजगारीका लागि विभिन्न देशमा पठाउने भन्दै अवैध रूपमा रकम सङ्कलन गरी सम्पर्कविहीन भएका चार जनालाई प्रहरीले पक्राउ गरेको छ । काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले सल्यानका कर्णबहादुर राउत, तनहुँका आनन्द थापा, नवलपरासी (पूर्व)का राधिका पाठक पौडेल र मोरङका तिलक परियारलाई पक्राउ गरेको हो ।
पक्राउ परेका चारै जनालाई प्रहरीले आज सार्वजनिक गरेको छ । उनीहरूले विभिन्न व्यक्तिबाट रु ७३ लाखभन्दा बढी रकम ठगी गरेको कार्यालयका प्रहरी उपरीक्षक मनोहरप्रसाद भट्टले जानकारी दिए ।
राउतले ११ जनालाई फिनल्याण्ड पठाइदिने भन्दै ५७ लाख रुपैयाँ, थापाले माल्टा पठाउने भन्दै एक जनासँग चार लाख ५० हजार रुपैयाँ, पौडेलले दुई जनासँग चार लाख २० हजार रुपैयाँ र परियारले सर्बिया पठाइदिने भन्दै दुई जनासँग आठ लाख रुपैयाँ रकम लिई बेपत्ता भएका थिए । रासस

# सडक सञ्जालमा जोडियो म्याग्दीको विकट गुर्जा

**म्याग्दी ।**
धवलागिरि गाउँपालिका–१ गुर्जा सडक सञ्जालमा जोडिएको छ । गुर्जासँगै म्याग्दीका छवटा स्थानीय तहका ४५ वटै वडामा सडक पुगेको हो ।
धवलागिरि गाउँपालिकाले सञ्चालन गरेको लुलाङ–गुर्जा सडक योजनामार्फत गुर्जाको कानबराह नजिकैसम्म सडकको मार्ग खोल्न प्रयोग भएको डोजरसँगै 'बिएए' ७८४६ नम्बरको जिप बिहीबार पहिलोपटक पुगेको गुर्जाका वडाध्यक्ष झक छन्त्यालले जानकारी दिए ।
'यसअघिका तीन वर्षमा गाउँपालिका, प्रदेश र सङ्घीय सरकारको लगानीमा लुलाङदेखि भैसीमानेसम्म करिब १८ किलोमिटर सडकको मार्ग खुलेको थियो,' उनले भने, 'चालु आर्थिक वर्षमा थप करिब चार किलोमिटर ट्र्याक (मार्ग) बनाएर गुर्जालाई यातायात सञ्जालसँग जोड्ने योजना निर्माणको अन्तिम चरणमा पुगेको छ ।'
थप एक किलोमिटर मार्ग खोलेर आगामी एक हप्ताभित्र गुर्जा गाउँसम्मै गाडी पुर्याउने तयारी भएको छ । चालु आर्थिक वर्षमा एक करोड ७० लाख रुपैयाँ बजेट विनियोजन गरेको योजनामार्फत छनोट भएको ठेकेदार कम्पनी लुलु कन्ट्रक्सनले गत पुसमा ८८ लाख ८५ हजार रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो ।
आव २०७९–८० देखि सुरु भएको लुलाङ–गुर्जा धवलागिरि गाउँपालिकाको गौरवको प्राथमिकताप्राप्त योजना भएको गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बताए । दुई वर्षअघिसम्म गुर्जादेखि लुलाङ पुग्न पूरै दिन भिर, जङ्गल र खोल्साको उकालो, ओरालो पैदलयात्रा गर्नुपर्ने अवस्था थियो ।
हाल गाडी पुग्ने गाउँदेखि पाँच मिनेट पैदलयात्रा गरेर गुर्जा पुग्न सकिन्छ । गत फागुनमा पाल्टनमा पुगेको सडक निर्माणकार्य डोजर बिग्रिएका कारण एक महिनापछि केही दिनअघि सञ्चालन भएको थियो ।
म्याग्दी १ (१) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जाली (सुविन)ले गुर्जासहित म्याग्दीका सबै वडाहरूमा सडक पुगेको बताए । 'भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित गुर्जामा सडक पुर्याउन सफल भएका छौँ,' उनले भने, 'तीनै तहका सरकार र समुदायको सहकार्यमा गुर्जालाई सडक सञ्जालमा जोड्न सफल भएका हौँ ।'
गाडी चल्न थालेपछि गुर्जाबाट दुई घण्टा ३० मिनेटमा गाउँपालिकाको केन्द्र मुना, पाँच घण्टामा बेनी र सात घण्टामा पोखरा पुग्न सकिने भएको छ । यसअघि गुर्जादेखि मुना पुग्न पूरै दिन पैदलयात्रा गर्नुपर्ने अवस्था रहेको स्थानीय गोर्खा छन्त्यालले बताए । गाडी चल्न थालेपछि बिरामीलाई अस्पताल पुर्याउन, कृषि, पशुजन्य र जडीबुटी बजारीकरणमा सहज भएको छ । गुर्जामा पर्यटकको चहलपहल बढ्न थालेको छ ।
मार्ग खुलेको सडकको ग्रेड, घुम्ती मिलाउन, साँघुरो ठाउँमा फराकिलो पार्न, पक्की नाला बनाउन चालु आवमा सङ्घीय सरकारको सहरी विकास मन्त्रालयबाट तीन करोड रुपैयाँ र गण्डकी प्रदेश सरकारले ५० लाख रुपैयाँ विनियोजन गरेको छ । प्रदेश सरकारले पालिकामा पठाएको ५० लाख रुपैयाँ बजेटको योजना कार्यान्वयनका लागि ठेक्का आह्वान भइसकेको पालिका अध्यक्ष प्रेमप्रसाद पुनले बताए ।
गुर्जा जोड्ने सडकमा पर्ने लमसुङस्थित दरखोलामा प्रदेश सरकारले २५ मिटर लामो मोटरेबल पुल निर्माण थालेको छ । दैनिक उपभोग्य, निर्माण सामग्री ढुवानी, बिरामीलाई समयमै अस्पताल पुर्याउन सहज भएको छ । गुर्जामा अल्पसंख्यक छन्त्याल र दलित समुदायको बसोबास छ । एउटै बस्ती एकै वडामा समेटिएको दुई ६५ घरपरिवार रहेको गुर्जाको जनसंख्या एक हजार ५ सय ५ जना छ । रासस




# संवैधानिक इजलाससम्बन्धी छुट्टै 'वेव पोर्टल' प्रारम्भ

**काठमाडौँ ।**
सर्वोच्च अदालतमा संवैधानिक विवादको समयमै निरुपण, पारदर्शिता र जवाफदेहिताका लागि संवैधानिक इजलाससम्बन्धी 'वेव पोर्टल' प्रारम्भ गरिएको छ ।
सर्वोच्च अदालतमा शुक्रबार आयोजित कार्यक्रममा कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लले पोर्टलको उद्घाटन गर्दै संवैधानिक इजलासको सुदृढीकरण, संविधानको रक्षा र न्यायमा पारदर्शिताका लागि पोर्टल प्रारम्भ गरिएको बताइन् । 'संवैधानिक इजलास सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मुटु हो, संविधानको अन्तिम व्याख्याता हो, तर, विडम्बना ! आज यही इजलास कार्यबोझ र प्रक्रियागत ढिलाइको चापमा छ । यसलाई थप सक्रिय र विश्वासिलो बनाउन हाम्रा कदमहरू सोहीअनुसार केन्द्रित हुनेछन्,' उनले भनिन् ।
हाल संवैधानिक इजलासमा दुई ८२ भन्दा बढी मुद्दाहरू विचाराधीन छन् । तीमध्ये कतिपय आठ वर्षभन्दा पुराना छन् भने पाँच वर्ष नाघेका मात्रै ७३ वटा मुद्दा छन् । 'कतिपय मुद्दाका मिसिलहरू नै जलेका छन्, तथापि हामीले सम्हालिएर काम गरिरहेका छौँ । अब 'हेर्न नमिल्ने' वा 'समय अभाव' का कारण इजलास स्थगित हुने परम्पराको अन्त्य गर्ने गरी काम गर्दैछौँ,' कामु प्रधानन्यायाधीश मल्लले भनिन्, 'संवैधानिक इजलासलाई थप व्यवस्थित बनाउन अबदेखि हप्ताको दुई दिन अनिवार्य रूपमा इजलास बस्ने सुनिश्चितता गरिएको छ ।'
उनले मुद्दाको छिटो किनारा मात्र लगाउने नभई संवैधानिक अन्योललाई समयमै समाधान गरी राज्यका अङ्गहरूलाई दिशा निर्देशन गर्ने स्पष्ट पारिन् । 'लोकतन्त्रमा जनमतको सम्मान सर्वोपरी हुन्छ, निर्वाचित प्रतिनिधिहरूको वैधानिकतामाथि उठेका प्रश्नहरू वर्षौंसम्म अल्झिरहनुहुँदैन,' कामु प्रधानन्यायाधीश मल्लले अगाडि भनिन्, 'त्यसैले, निर्वाचनसम्बन्धी सबै विवाद र मुद्दाहरूलाई प्राथमिकतामा राखी अन्तिम फैसला गरिने गरी कार्ययोजना अघि बढाइनेछ । पदावधीको औचित्यता सकिएपछिको फैसलाको कुनै अर्थ हुँदैन ।'
उनले संवैधानिक इजलासमा विचाराधीन मुद्दाहरूमध्ये न्यूनतम एक तिहाई मुद्दा आगामी तीन महिनाभित्र फछ्र्यौट गर्नुका साथै सङ्घ र प्रदेशबीचका अधिकारका सम्बन्धमा स्पष्टता दिएर राज्य संयन्त्रलाई द्वन्द्व होइन सहकार्यतर्फ डो¥याउने बताइन् । कामु प्रधानन्यायाधीश मल्लले कुनै कानून संविधानसँग बाँझिएमा इजलासले संविधान सङ्गत कानूनको परीक्षण गर्ने उल्लेख गरिन् ।
न्यायालयमा जनआस्था वृद्धिका लागि न्याय भएको देखिनुपर्ने भन्दै उनले संवैधानिक व्याख्याका गम्भीर बहसलाई आमनागरिकको पहुँचमा पु¥याउन प्रत्यक्ष प्रसारण राम्रो माध्यम भएको धारणा राखिन् । 'महत्त्वपूर्ण फैसलामा 'लाइभ स्ट्रिमिङ' गर्ने अभ्यास गरिसकेका छौँ, हाल संरचना नभएका कारणले जटिलता रहेको छ,' कामु प्रधानन्यायाधीश मल्लको भनाइ थियो, 'अब यसलाई बृहत् रुपमा विस्तार गर्नका लागि एउटा प्रणालीको स्थापना गर्न एक कार्यदल बनाउनेछौँ, क्रमशः अन्य इजलासहरूमा विस्तार गरिनेछ ।'
'लाइभ स्ट्रिमिङ' अभ्यासले अदालतको कार्यप्रणालीलाई पारदर्शी बनाउन र कानूनका विद्यार्थीदेखि जिज्ञासु नागरिकसम्मलाई दीक्षित गर्दै न्यायापालिका सबैको पहुँचमा पुग्ने उनको विश्वास छ । कामु प्रधानन्यायाधीश मल्लअदालतको पञ्चवर्षीय योजनाले परिकल्पना गरेको प्रविधिमैत्री न्याय प्रणालीलाई अवधारणामा सीमित नराखी व्यवहारमै उतार्ने प्रतिबद्धता व्यक्त गरिन् । उनले सूचना प्रविधिलाई क्रमशः सुदृढ बनाउँदै, अनलाइन दर्ता, अनलाइन भुक्तानी, भर्चुअल बहस, र फैसलाहरू अनलाइनबाटै प्राप्त हुने व्यवस्था विस्तार गर्दै लैजाने बताइन् ।
सर्वोच्च अदालतका न्यायाधीश तथा सूचना प्रविधि समिति संयोजक डा. नहकुल सुवेदीले संवैधानिक इजलाससम्बन्धी नयाँ वेव पोर्टल सुरु गर्नु आफैँमा महत्त्वपूर्ण भएको बताए । न्यायपालिकालाई प्रविधिमैत्री बनाएर सेवाग्राही, कानून व्यवसायी र अदालतप्रति चासो राख्ने व्यक्तिहरूका लागि सहज सेवा दिने अवस्था बनाउन आफूहरू लागि रहेको उनको भनाइ छ ।
सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार विमल पौडेलले संवैधानिक इजलासको विषयमा समग्र जानकारीका साथै न्यायालयको पारदर्शिता कायम गर्न पोर्टलको सुरुआत गरिएको बताए । उनले पोर्टलबाट समग्रमा मुद्दाको फछ्र्यौट, आदेश, फैसला सबै हेर्न मिल्ने भएकाले यो निकै महत्त्वपूर्ण भएको जानकारी दिए ।
सूचना प्रविधि महाशाखा प्रमुख गौरीनाथ कोइरालाले संवैधानिक इजलाससम्बन्धी वेव पोर्टलबारे जानकारी दिँदै अदालतको पोर्टलभित्र एउटा छुट्टै 'एप्लिकेशन' तयार पारी पोर्टल बनाएको बताए ।
हाल सर्वोच्च अदालतमा २७ हजार १४७ मुद्दा फछ्र्यौट गर्न बाँकी रहेका र संवैधानिक इजलासमा हाल दुई सय ८२ थान मुद्दा रहेका त्यस अवसरमा जानकारी दिइयो ।
नेपालको संविधानको धारा १३७, संवैधानिक इजलाससम्बन्धी व्यवस्था (१) मा सर्वोच्च अदालतमा एक संवैधानिक इजलास रहने प्रावधान छ । इजलासमा प्रधानन्यायाधीश र न्याय परिषद्को सिफारिसमा प्रधानन्यायाधीशले तोकेका अन्य चार जना न्यायाधीश रहने व्यवस्था छ ।
संविधानको धारा १३३ मा सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबीचको अधिकार क्षेत्रबारेमा भएको विवाद, सङ्घीय संसद् वा प्रदेशसभा सदस्यको निर्वाचनसम्बन्धी विवाद र सङ्घीय संसद्का सदस्य वा प्रदेशसभाका सदस्यको अयोग्यतासम्बन्धी विवाद यस इजलासले हेर्ने व्यवस्था गरिएको छ । रासस

# लिच्छविकालीन बिस्केट जात्राको तारतम्य मिलाइँदै

रमेश गिरी/रासस
भक्तपुर ।
प्रत्येक नयाँ वर्षमा भक्तपुरवासीले नौ दिन आठ रातसम्म परम्परागत तान्त्रिक विधिअनुसार मनाउने विश्वप्रसिद्ध बिस्केट (बिस्का) जात्रा यसवर्ष चैत २७ गते शुक्रबारदेखि सुरु हुने भएको छ । नयाँ वर्षको चार दिन अगाडि भैरबको रथ तानेर सुरु हुने यो जात्रा मुख्य गरी चैत मसान्तमा इन्द्रध्वजासहितको लिङ्गो उठाइने र वैशाख १ गते दिनभर ल्यासिंखेलमा लिङ्गो जात्रा मनाएर साँझ लिङ्गो ढालेर मनाइने गरिन्छ । गुठी संस्थान भक्तपुर कार्यालयले जात्राका लागि अत्यावश्यक भैरव र भद्रकालीको रथ निर्माण कार्य तिब्र गतिमा भइरहेको जानकारी दिएको छ ।



टौमढीस्थित पाँचतले मन्दिर प्राङ्गनमा प्यागोडा शैलीको तीन तले रथ निर्माण कार्य तीव्र गतिमा भइरहेको गुठी संस्थान भक्तपुरका प्रमुख आनन्दप्रसाद कर्माचार्यले जानकारी दिए । उनले भैरवको रथ निर्माण सम्पन्न भए लगत्तै भद्ररकालीको रथ निर्माण सुरु गरिने जानकारी दिँदै अहिलेसम्म भैरव रथ निर्माणको क्रममा विभिन्न आकारका काठ तयार गर्ने, पाङ्ग्राहरु जोड्ने, बिग्रिएका सामानको मर्मत गर्ने, भाँचिएका धुराहरु मर्मत गर्ने, चुकुलहरु फेर्ने, नयाँ आसी जडान गर्ने, छानो मर्मत गर्ने र रथ निर्माण गर्ने कार्य तीव्र गतिमा भइरहेको बताए ।
चैत २६ गतेसम्म रथमा रङ्ग रोगन एवं सिङ्गारपटार गर्ने कार्य गरिने र २७ गते सरकारी पूजा ११ बजे, सर्वसाधारणको पूजा तीन बजेसम्म सकेर दिउँसो ३ बजेदेखि रथ तान्न सुरु गरिने गरी तयारी गरिएको प्रमुख कर्माचार्यलले जानकारी दिए ।
उनले भने, 'रथ तान्न ठेकेदारलाई ९० हात लामो कसिलो एकदमै बलियो डोरी ल्याउन निर्देशन दिएका छौँ, जात्रा व्यवस्थापन समिति समेतको टोलीले डोरीको परीक्षण गर्नेछ, ५५ हात लामो, नाङ्लो जस्तो फराकिलो फेद भएको दुई लिङ्गो तयार गरिएको छ, यस वर्ष २७ गते भैरवको रथ दिउँसो ३ बजे तानेर जात्रा सुरु गर्ने तयारी गरेका छौँ ।'
हनुमान ढोकाबाट खड्ग ल्याएर गुठीका एक कर्मचारीलाई राजाको प्रतिक बनाएर बाँजागाजासहित च्वङ्गा गणेश मन्दिरको जङ्गलमा रुखलाई पूजा गरेर खड्ग भित्रयाएपछि जात्रा सुरु हुने परम्परा छ । लिच्छवीकालदेखि सुरु भएको सो जात्रा वैशाख १ गतेभन्दा चार दिनअगाडि भैरव र भद्रकालीको रथ यात्रा गरी सुरु गरिने परम्परा छ । जात्राको मुख्य आकर्षण रथजात्रा र लिङ्गोजात्रा भएको प्रमुख कर्माचार्यले बताए । तान्त्रिक विधिअनुसार काठैकाठले प्यागोडा शैलीमा निर्माण गरिने ३५ फिट अग्लो तीनतले भैरवनाथको रथमा भैरवनाथको मूल देवता र बेताल देवतालाई विराजमान गराई पाँचतले मन्दिर प्राङ्गणबाट माथिल्लो र तल्लो क्षेत्रमा रथलाई तानेर लैजाने परम्परा छ ।
सुरुको दिनमा तौमढीबाट भक्तपुरको माथिल्लो क्षेत्र क्वाछें, साकोथा, सुकुलढोका, गोलमढी, इनाचो, दत्तात्रय पु¥याई रथ फर्काउने चलन छ । नयाँवर्षको चार दिनअघि अर्थात् चैत २७ गते दिउँसो तान्त्रिक विधिअनुसार भैरवनाथको रथमा खड्ग, तरबार र निसान राखिसकेपछि अपराह्नदेखि रथ तान्ने क्रम सुरु गर्ने परम्परा रहेको छ ।
विक्रम संवत्अनुसार सौरमासका आधारमा तान्त्रिक बिधिअनुसार चल्ने बिस्केट जात्रा नेपाल भाषामा बीःसित (नाग म¥यो), बीय जात्रा (नागको जात्रा), बीःस्यात (नाग मारियो) हुँदै पछि अपभ्रंश भई बिस्केट अर्थात स्थानीय भाषामा बिस्काः जात्रा हुन गएको बताइन्छ । रथ तल्लो क्षेत्रमा बुलुचा, नासमना, वंशगोपाल, तेखापुखुतिर लैजाने प्रचलन छ भने भैरव तथा भद्रकालीको रथजात्रा गरी गःहिटी पु¥याएर पहिलो दिनको रथयात्रा विसर्जन गर्ने परम्परा छ ।
दोस्रो दिन भद्रकालीको रथ गःहिटी खलाटोल अजिमा देवताघर पु¥याइन्छ भने तेस्रो दिन गःहिटीमा भैरवलाई बलि चढाएर गुठी संस्थानद्वारा सरकारी पूजा गरिन्छ । ल्यासिंखेलमा चैत मसान्तको साँझ ५५ हात लामो इन्द्रध्वजासहितको लिङ्गो उभ्याउने परम्परा छ । सुरुमा बिस्केट जात्रा लिङ्गो उभ्याउने र ढाल्ने दिनमा मात्र मनाइन्थ्यो । पछि मल्लकालमा यो जात्रा भैरव र भद्रकालीको रथयात्रा गरी प्रत्येक टोल–टोलमा शक्तिशाली देवीदेवताको पूजा गर्दै मनाउने चलन छ ।
रथ तान्दा अप्रिय घटना नहोस् भनेर रथ तान्ने दिन रथमा ६ भैरव नाइके, पाँच चौगुठी र दुई तलेजुका पुजारी रहने चलन रहेको तलेजुका निवर्तमान् मूल नाइके नरेन्द्रप्रसाद जोशीले जानकारी दिए ।
वैशाख ५ गते जात्राको अन्तिम दिन भएकाले सो दिन पनि सुरुको दिनजस्तै प्रसिद्ध पाँचतले मन्दिरस्थित तौमढी टोलबाट भैरवको रथ दुई सय फिट लामो चार–चारवटा डोरीले बाँधेर तल्लो र माथ्लो टोलका बासिन्दाले आ–आफ्नो टोलमा लैजान दुवैतिर तान्ने गर्छन् । त्यसपछि रथ पाँचतले मन्दिरको पश्चिम कुनामा राखी बेताली भैरवको मुख्य देउतालाई पूजा गरेर देउतालाई भैरव मन्दिरमा भित्याइएपछि तान्त्रिक विधिअनुरूप पूजा गरी जात्रा सम्पन्न गरिने परम्परा छ ।

# युद्धको अफवाह फैलाउने ११ नेपाली समातिए

**काठमाडौँ ।**
इजरायल–अमेरिका र इरानबीच चलेको युद्धबारे अफवाह फैलाउने श्रव्यदृश्य सामग्री, तस्बिरलगायत सामाजिक सञ्जालमा पोष्ट गरेका कारण पश्चिम एसियाका विभिन्न मुलुकमा ११ नेपाली पक्राउ परेका छन् । परराष्ट्र मन्त्रालयले आज पत्रकार सम्मेलन गरेर उक्त जानकारी गराएको हो ।
पक्राउ पर्नेमा साउदी अरेबियामा चार, युनाइटेड अरब इमिरेट्स (यूएई) र कतारमा तीन–तीन तथा ओमानमा एक जना रहेका छन् । क्षेप्यास्त्र तथा ड्रोनमार्फत भइरहेको आक्रमणको तस्बिर तथा श्रव्यदृश्य सामग्री खिचेर कुनै पनि सामाजिक सञ्जालमा डर त्रास देखाउन पोष्ट गरे कानूनी सजाय भोग्नुपर्ने व्यवस्था छ । त्यही अनुरुप हालसम्म ११ नेपालीलाई सामाजिक सञ्जालमा त्यस्ता किसिमका सामग्री राखेर कानून उल्लङ्घन गरेको आरोपमा पक्राउ गरिएको मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जानकारी दिए ।
'पक्राउ परेका नेपाली नागरिकको अवस्था र छुटाउन सकिने विषयमा सम्बन्धित देशका दूतावास र नियोगहरुसँग जानकारी दिने काम भइरहेको छ । पक्राउ परेका नेपाली नागरिक कुन कानून उल्लङ्घनअन्तर्गत पक्राउ गरेका हुन् र कति जरिवाना लाग्छ भन्नेबारे जानकारी लिने काम भइरहेको छ', प्रवक्ता क्षेत्रीले भने ।
मध्य पश्चिम मुलुकमा युद्धको प्रभावका कारण रोजगार गुमाउनुपर्ने जोखीम नरहेको प्रवक्ता क्षेत्रीले बताए । उनका अनुसार खास गरी होटल, रेष्टुरेण्ट र पर्यटन जस्ता क्षेत्रमा नेपाली कामदारले जागीर गुमाउने चिन्ता बढेको भए पनि ठूलो क्षेत्रमा त्यसको खतरा नरहेको सम्बन्धित नियोगहरुले जानकारी दिएका छन् । खाडी मुलुकमा युद्धबाट प्रभावित–असुरक्षित भई घर फर्किन चाहने नेपालीलाई उद्धार गर्ने काम निरन्तर भइरहेको उनले बताए ।
मन्त्रालयले जारी गरेको 'कल सेन्टर'मा नेपाली नागरिकले उडानको अवस्था के छ ? घर फर्किन चाहने र श्रम स्वीकृतिबारे जिज्ञासा राख्ने गरेका प्रवक्ता क्षेत्रीले बताए । 'अहिलेसम्म ८६ हजार ४२० जनाले नाम दर्ता गराएका छन् । असुरक्षित छु भन्नेको संख्या विस्तारै कम हुँदै गएको छ । असुरक्षित छु भन्नेहरुले पनि विस्तारै सुरक्षित भएर यहीँ काम गर्ने भनिरहेका छन् । ट्रान्जिटमा परेकाहरुको उद्धार लगभग पूरा भइसकेको छ,' उनले भने । रासस




***नवनिर्वाचित पदाधिकारी शपथ ग्रहणः*** *चितवनको राप्ती नगरपालिकामा शुक्रबार नेपाल फोटो पत्रकार महासङ्घको तेश्रो केन्द्रीय महाधिवेशनबाट निर्वाचित पदाधिकारी शपथ ग्रहण गर्दै । महाधिवेशनले हरिप्रसाद रेग्मीको अध्यक्षतामा २१ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ ।*

*तस्बिर : नवीन गड्तौला*

# मधेशमा स्तनपान गराउने दर घट्दो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आधुनिक जीवनशैलीको प्रभावसँगै मधेश प्रदेशमा स्तनपान गराउने महिलाको संख्या क्रमशः घट्दै गएको तथ्य सार्वजनिक भएको छ । स्वास्थ्य कार्यालय धनुषाले आयोजना गरेको स्तनपानसम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रममा यस्तो तथ्यांक प्रस्तुत गरिएको हो ।

कार्यक्रममा कार्यालय प्रमुख उमेश यादवले नवजात शिशुलाई जन्मिएलगत्तै आमाको दूध खुवाउने परम्परा कमजोर बन्दै गएकोप्रति चिन्ता व्यक्त गरे । उनले सुत्केरी हुनेबित्तिकै स्तनपान गराउनुको सट्टा बाहिरी दूध खुवाउने प्रवृत्ति बढ्दै गएकाले त्यसलाई नियन्त्रण गर्न सरोकारवाला निकायसँग समन्वय भइरहेको जानकारी दिए ।

उनका अनुसार आमाको दूध प्रतिस्थापन गर्ने वस्तुको बिक्री–वितरण सम्बन्धी कानूनबारे आमजनतामा पर्याप्त जानकारी नपुगेकाले त्यसलाई प्रभावकारी रूपमा लागू गर्न आवश्यक रहेको छ ।

उपलब्ध तथ्यांकअनुसार सन् २०२२ मा नेपालभर जन्मिएको एक घण्टाभित्र शिशुलाई स्तनपान गराउने आमाको दर ५५ प्रतिशत रहेको छ, जुन मधेश प्रदेशमा पनि समान रहेको देखिन्छ ।

यद्यपि, ६ महिनासम्म निरन्तर स्तनपान गराउने दरमा भने सुधार देखिएको छ । सन् २०१६ मा ५५ प्रतिशत रहेको यो दर २०२२ मा बढेर ६५ प्रतिशत पुगेको छ, जसलाई स्वास्थ्यकर्मीहरूले सकारात्मक संकेतका रूपमा लिएका छन् ।

तर, आमाको दूधबाहेक अन्य दूध खुवाउने प्रवृत्ति मधेशमा अझै १२ प्रतिशत महिलामा रहेको देखिएको छ, जसले स्तनपान प्रवद्र्धनमा थप चुनौती रहेको संकेत गर्दछ ।

# गृहमन्त्री महतोद्वारा प्रादेशिक अस्पतालमा अनुगमन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका मन्त्री फकिरा महतोले जनकपुरधामस्थित प्रादेशिक अस्पतालको अनुगमन गरेका छन् । केही दिनदेखि राजधानी जनकपुरधामका सार्वजनिक जग्गा अतिक्रमणमुक्त अभियान अगाडि बढाइरहेका मन्त्री महतो शुक्रबार अस्पताल पुगेर स्वास्थ्य क्षेत्रको स्थिति जाँच गर्न पुगेका हुन्।

उनले भने, 'राजधानीलाई राजधानी जस्तै बनाउने उद्देश्यले अतिक्रमणमुक्त अभियान अघि बढाएका छौं।

तर सबैभन्दा पहिला स्वास्थ्य क्षेत्रमा सुधार आवश्यक छ । त्यसैले अस्पताल अनुगमनमा आएको हुँ।'

अनुगमनका क्रममा अस्पतालका स्वास्थ्यकर्मीहरूले अस्पताल परिसरमा केही कमजोरी रहेको स्वीकार गर्दै त्यसमा सुधार ल्याउने प्रतिबद्धता व्यक्त गरेका थिए।

निरीक्षणको क्रममा सरसफाईको अभाव र स्वास्थ्य सेवा प्रवाहमा देखिएका समस्याहरू उजागर भएका थिए।

मन्त्री महतोले मधेशका अन्य जिल्लाभन्दा पनि राजधानी भित्रका स्वास्थ्य संस्थामा सुधार ल्याउनु आवश्यक रहेको बताए र आवश्यक पहल अगाडि बढाइने बताए।

# मालपोत कार्यालयबाट सात बिचौलिया पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको पोखरियास्थित मालपोत कार्यालयबाट प्रहरीले तीन जना बिचौलियालाई पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय पोखरियाबाट शुक्रबार खटिएको प्रहरी टोलीले मालपोत कार्यालय परिसरबाट सेवाग्राहीलाई हैरानी दिने कार्यमा संलग्न तीन जनालाई नियन्त्रणमा लिएको हो । पक्राउ परेकाहरूको नाम भने प्रहरीले सार्वजनिक गरेको छैन । इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक प्रदीप पौडेलका अनुसार मालपोत कार्यालयमा अनावश्यक रूपमा प्रवेश गरी सेवाग्राही तथा कर्मचारीलाई दुःख दिने गरेको गुनासो आएपछि उनीहरूलाई नियन्त्रणमा लिइएको हो । नियन्त्रणमा लिइएका तीनै जनालाई इलाका प्रहरी कार्यालय पोखरियामा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । उनीहरूले आफूहरू लेखापढी व्यवसायी भएको दाबी गरेको बताउँदै प्रहरी निरीक्षक पौडेलले यो विषयमा समेत छानबिन भइरहेको जानकारी दिए।

यसैबी रौतहटको गौरमा रहेको भूमि सुधार तथा मालपोत कार्यालयबाट प्रहरीले चार जना बिचौलिया पक्राउ गरेको छ । सरकारले कार्यालयमा बिचौलियालाई प्रवेश निषेध गर्न पत्राचार गरेपछि प्रहरी मालपोत कार्यालय पुगेको थियो । त्यहाँ कार्यालयमा सेवाग्राहीसँग रकम लिएर काम गराउनेलाई प्रहरीले नियन्त्रणमा लिएको हो । पक्राउ पर्नेमा रामनरेश कुमार, सञ्जय कुमार, सिकित नारायण र बब्लु प्रसादलाई प्रहरीले नियन्त्रणमा लिएको हो। चारै जनासँग सोधपुछ र अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# यातायात कार्यालयमा 'नागरिक सहायता कक्ष' स्थापना



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारअन्तर्गतको श्रम तथा यातायात मन्त्रालय मातहत रहेको यातायात व्यवस्था कार्यालयले सेवा प्रवाहलाई व्यवस्थित र पारदर्शी बनाउने उद्देश्यले बिचौलियाको प्रवेशमा कडाइ गर्ने निर्णय गरेको छ ।

कार्यालय प्रमुख चन्देश्वर साहले सेवाग्राहीको नाममा अनावश्यक झन्झट सिर्जना गर्ने, चलखेल गर्ने वा बिचौलियामार्फत सेवा दिने कार्य पूर्ण रूपमा रोक्न कर्मचारीहरूलाई निर्देशन दिएका छन् । उनले सेवा प्रक्रियामा अनुशासन र पारदर्शिता कायम गर्न सबैलाई सचेत गराएका छन् । सेवा प्रणालीलाई अझ प्रभावकारी बनाउन कार्यालय परिसरमै 'नागरिक सहायता कक्ष' स्थापना गरिएको छ ।

कक्षमार्फत सेवाग्राहीलाई व्यवस्थित रूपमा पालोअनुसार सेवा प्रदान गरिनेछ, जसले सेवामा सहजता ल्याउनुका साथै पारदर्शिता अभिवृद्धि गर्ने विश्वास गरिएको छ ।

कार्यालयले सेवाग्राहीलाई पनि सचेत रहन आग्रह गर्दै बिचौलियाको प्रभावमा नपर्न अनुरोध गरेको छ । प्रमुख साहका अनुसार कार्यालयको मुख्य लक्ष्य सेवाग्राहीलाई सरल, छरितो र निष्पक्ष सेवा उपलब्ध गराउनु हो । उनले नागरिक सहायता कक्षमार्फत मात्र सेवा लिन आग्रह गर्दै यसले अनियमितता न्यूनीकरणमा सहयोग पुग्ने बताए ।

# सुरक्षासम्बन्धी समस्या समाधान माग्दै गृहमन्त्रीलाई ज्ञापनपत्र

***खोटाङका विभिन्न स्थानमा शान्ति–सुरक्षा कमजोर बन्दै गएको भन्दै प्रतिनिधिसभा सदस्य आरेन राईले गृहमन्त्री सुधन गुरुङलाई ज्ञापनपत्र बुझाएका छन् । उनले जिल्लामा रहेका अस्थायी प्रहरी चौकीलाई स्थायी बनाउने, नयाँ प्रहरी चौकी स्थापना गर्ने तथा सशस्त्र प्रहरीको बेस क्याम्प हटाउने निर्णय रोक्न माग गरेका छन् । नागरिकलाई सुरक्षित वातावरण सुनिश्चित गर्न तत्काल पहल आवश्यक रहेको उल्लेख गर्दै राईले अन्य मन्त्रालयमा समेत जिल्लाका समस्या राख्ने बताएका छन् ।***

**खोटाङ।**
खोटाङमा विद्यमान रहेका शान्ति, सुरक्षासम्बन्धी समस्या यथाशीघ्र समाधान गरिदिन माग गर्दै गृहमन्त्री सुधन गुरुङलाई ज्ञापनपत्र बुझाइएको छ । श्रम संस्कृति पार्टीका महासचिवसमेत रहेका खोटाङबाट निर्वाचित प्रतिनिधिसभा सदस्य आरेन राईले राईले आज सिंहदरबारस्थित गृहमन्त्रालय पुगेर जिल्लाको शान्ति, सुरक्षासम्बन्धी समस्या तत्काल समाधान गरी आमनागरिकको डरत्रासमुक्त भएर बाँच पाउने अधिकार सुनिश्चित गरिदन आग्रह गर्दै गृहमन्त्री गुरुङलाई ज्ञापनपत्र बुझाएका छन्।



गृहमन्त्री गुरुङको कार्यकक्षमा पुगेर बुझाइएको ज्ञापनपत्रमा केपिलासगढी गाउँपालिकाको बाक्सिला बजारमा सञ्चालित इलाका प्रहरी कार्यालय, छितापोखरी र भडाँरेघाटमा सञ्चालित अस्थायी प्रहरी चौकी भवन निर्माण गरिदिन माग गरिएको छ। जिल्लाका सबै अस्थायी प्रहरी चौकीलाई स्थायी गराउन तथा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका–१० पाथेका र केपिलासगढी गाउँपालिका–७ सुङ्देलमा स्थायी प्रहरी चौकी स्थापनाका लागि तत्काल पहल गरिदिन माग गरिएको सांसद राईले जानकारी दिए।

जन्तेढुङ्गा गाउँपालिकाको चिसापानी बजारमा सञ्चालित सशस्त्र प्रहरी बलको बेस क्याम्प हटाउने नेपाल सरकारको निर्णयसमेत रोक्न ज्ञापनपत्रमा अनुरोध गरिएको छ। चिसापानीमा सञ्चालित सशस्त्र प्रहरी बलको बेस क्याम्प हटाउने विषयमा अहिलेसम्म कुनै आधिकारिक जानकारी नआएको सशस्त्र प्रहरी बल नेपाल नं ७ गुल्म, हलेसीका गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक शैलेन्द्र न्यौपानेले जानकारी दिए।

नागरिकलाई सबैभन्दा पहिले शान्ति, सुरक्षा प्रत्याभूति दिलाउन गृहमन्त्रीलाई भेटेर ज्ञापनपत्र बुझाइएको सदस्य राईले बताए । 'नागरिकले आफू सुरक्षित छु भन्ने महसुस गरेपछि मात्र अन्य विषयको अपेक्षा गरेका हुन्छन् । त्यसैले सबैभन्दा पहिले सुरक्षासँग सम्बन्धित समस्या समाधान गरिदिन गृहमन्त्रीलाई भेटेर ज्ञापनपत्र बुझाएको छु। उहाँले पनि सकारात्मक प्रतिक्रिया दिनुभएको छ,' उनले भने, 'अब अरु विषयगत मन्त्रालय पुगेर जिल्लाका सबै समस्या राख्नेछु । पार्टीको नीतिअनुसार ज्ञापनपत्र बुझाउन सुरु गरेको छु। बाँकी मन्त्रालयमा चाँडै ज्ञापनपत्र बुझाउनेछु।'

प्रधानमन्त्री बालेन्द्र शाहले चैत १६ गते सांसदहरूसँग राखेको छलफलमा श्रम संस्कृति पार्टीका कोही पनि सांसद सहभागी भएका थिएनन् । हर्कराज राई 'हर्क साम्पाङ'ले नेतृत्व गरेको श्रम संस्कृति पार्टीबाट प्रतिनिधिसभामा प्रत्यक्ष र समानुपातिक गरी सात जना सदस्य निर्वाचित भएका छन्।

पार्टीको नीतिअनुसार प्रधानमन्त्रीले बोलाउनुभएको सांसदको भेलामा आफूहरू नगएको महासचिव राईले जानकारी दिए । 'पार्टीको नीतिअनुसार छुट्टाछुट्टै मन्त्रालय पुगेर ज्ञापनपत्रमार्फत जिल्लाको समस्या राख्छौँ। अरु सांसदले पनि मन्त्रालय पुगेरै आ–आफ्नो जिल्लाका समस्या राख्नेछन्,' उनले भने, 'यो प्रक्रिया प्रभावकारी हुन्छ भन्ने हाम्रो पार्टीको ठहर छ। हामी जनताका समस्या समाधानका लागि गम्भीर भएर निरन्तर लागिरहन्छौँ।'

इलाका प्रहरी कार्यालय बाक्सिला बजार तथा अस्थायी प्रहरी चौकीहरू छितापोखरी र भँडारेघाट जीर्ण भवनमा सञ्चालन हुँदै आएका छन् । दश स्थानीय तह रहेको जिल्लामा एउटा जिल्ला प्रहरी कार्यालय, चारवटा इलाका प्रहरी कार्यालय (क), दुईवटा इलाका प्रहरी कार्यालय (ख), १९ वटा स्थायी प्रहरीचौकी र १० वटा अस्थायी प्रहरी चौकी सञ्चालनमा छन्। रासस

# स्वास्थ्य मन्त्रालयद्वारा पहिलो चरणको प्रगति विवरण सार्वजनिक

**काठमाडौँ।**
सरकारले जारी गरेको शासकीय सुधारअन्तर्गत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य क्षेत्रसँग सम्बन्धित गरेको कामको पहिलो चरणको प्रगति विवरण सार्वजनिक गरेको छ।

मन्त्रालयका सूचना अधिकारी डा. भक्त केसीले शासकीय सुधारको बुँदा नं ८५ मा रहेका स्वास्थ्य क्षेत्रसँग सम्बन्धित कामको पहिलो चरणको प्रगति विवरण शुक्रबार सार्वजनिक गरिएको बताए । 'शासकीय सुधारका काम द्रुतगतिमा भइरहेको छ । हामीले अस्पताल, सरोकारवाला निकायसँग छलफल गरिरहेका छौँ । विभिन्न अस्पतालका सुधारका कार्ययोजना पनि बनाइरहेका छौँ,' उनले भने।

उनले शासकीय सुधारअन्तर्गत ३२ वटा अस्पताल (१९ निजी र १३ सरकारी) का १० प्रतिशत शय्यामा निःशुल्क उपचार प्रदान गरिएको विवरण मन्त्रालयको वेबसाइटमा अद्यावधिक गरिएको बताए।

त्यसैगरी वीर अस्पताल, शहीद गङ्गालाल राष्ट्रिय हृदय रोग केन्द्र, कान्ति बाल अस्पताललगायतका अस्पतालमा सेवाको गुणस्तर सुधारका लागि अनुगमन गरी आवश्यक सुधारका लागि पृष्ठपोषण गरिएको मन्त्रालयका सूचना अधिकारी केसीले बताए । मन्त्रालयले अस्पताल सेवा सुधार निर्देशिकाको प्रारम्भिक मस्यौदा तयार गरेको छ।

**जलन शय्या सञ्चालन**

सुधारअन्तर्गत मन्त्रालयले सुदूरपश्चिम प्रदेशको टीकापुर अस्पताल, महाकाली प्रादेशिक र सेती प्रादेशिक अस्पतालका साथै मधेश प्रदेशको कलैया अस्पतालमा जलन शय्या स्थापना तथा सेवा सञ्चालनको तयारी सुरु गरिएको उनले जानकारी दिए । साथै, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरमा अवरुद्ध जलन उपचार सेवा पुनः सञ्चालन गरिएको उनले बताए।

**हवाई एम्बुलेन्स**

मन्त्रालयले सुदूरपश्चिम, मध्य तथा पूर्वी नेपालका पहाडी क्षेत्रमा आपतकालीन स्वास्थ्य सेवाका लागि एयर एम्बुलेन्स तयारी अवस्थामा राखेको जनाएको छ । शासकीय सुधारअन्तर्गत दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धारसम्बन्धी कार्यविधिमा आवश्यक संशोधन गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग परामर्श तथा समन्वय गरिएको सूचना अधिकारी केसीले बताए । रासस

# पोर्चुगलले काठमाडौँमा कन्सुलर कार्यालय खोल्ने

**लिस्बन।**
पोर्चुगल सरकारले काठमाडौँमा आफ्नो कन्सुलर कार्यालय खोल्ने घोषणा गरेको छ।

पोर्चुगलको विदेश मन्त्रालयले मन्त्रालयको आधिकारिक सामाजिक सञ्जाल 'फेसबुक र एक्स' मार्फत यो घोषणा गर्दै काठमाडौँमा कन्सुलर कार्यालय स्थापना गर्ने जनाएको हो। नेपालमा कन्सुलर कार्यालय स्थापना गर्ने पोर्चुगल सरकारको निर्णयले दुई देशबीचको द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउने तथा आपसी हित, सहकार्य र सहयोग अभिवृद्धिमा टेवा पुग्ने विश्वास गरिएको छ । नेपालले पोर्चुगल सरकारसँग काठमाडौँमा पोर्चुगलको दूतावास स्थापना गर्न आग्रह गर्दै आएको थियो।





काठमाडौँमा पोर्चुगलको कन्सुलर कार्यालय स्थापना हुने भएपछि पोर्चुगलमा रहेका नेपालीलाई सहज हुने भएको छ । यसबाट भिसा, कागजात प्रमाणीकरण तथा अन्य कन्सुलर सेवाका लागि भारतको नयाँदिल्ली धाउनुपर्ने बाध्यताको अन्त्य हुने अपेक्षा गरिएको छ । नेपालमा पोर्चुगलको कूटनीतिक उपस्थिति हुने भएसँगै दुई देशबीचको व्यापार, लगानी, पर्यटन, ऊर्जा, कृषि तथा प्रविधिलगायत क्षेत्रमा सहकार्य र सहयोग अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

यसअघि परराष्ट्रमन्त्री शिशिर खनाल र पोर्चुगलका विदेशमन्त्री पाउलो रान्जेलबीच बुधबार टेलिफोन वार्ता भएको थियो । टेलिफोन वार्तामा मन्त्री खनालले सक्कली प्रहरी रिपोर्टमा भएको नक्कली छाप (फेक स्ट्याम्प)का कारण पोर्चुगलको कागजी प्रक्रियामा रहेका दुई हजारभन्दा बढी नेपाली नागरिकले भोग्नुपरेका कानूनी तथा प्रक्रियागत समस्याका बारेमा विदेशमन्त्री रान्जेलसमक्ष ध्यानाकर्षण गराउँदै सहजीकरणका लागि आग्रह गरेका थिए।

विदेशमन्त्री रान्जेलले पोर्चुगलको अर्थतन्त्रमा नेपाली समुदायले पुर्याएको योगदानको प्रशंसा गर्दै कानूनी तथा प्रक्रियागत कठिनाइमा परेका नेपाली नागरिकका मुद्दा मानवीय दृष्टिकोणबाट समीक्षा गर्न सम्बन्धित निकायसँग सकारात्मक रूपमा पहल गर्ने आश्वासन दिएका थिए।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन